का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २११
❒ ३० भदौ २०७८, बुधबार
❒ 15 September 2021, Wedneday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# विधयेक पारित नहुँदा बजेट होलिडे

विनियोजन विधेयक-२०७८ पारित नभएपछि सरकारले राज्यकोषबाट बुधबार देखि खर्च गर्न नपाउने भएको छ । २५ भदौमा बजेट अध्यादेश प्रतिस्थापन विधेयक पेश भएपनि प्रतिपक्षी एमालेको अवरोध कायमै रहँदा विनियोजन विधेयक पारित हुन सकेन ।



प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरु प्रतिनिधिसभा बैठक अवरोध गर्न नाराबाजी गर्दै । तस्बिर : रत्न श्रेष्ठ, रासस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ ।

प्रमुख विपक्षी दल नेकपा एमालेको संसद् अवरोध मंगलबार पनि जारी रह्यो । प्रतिनिधिसभा बैठक शुरु हुनासाथ एमालेका सांसदहरु रोष्टम पुगेर नाराबाजी गरेका थिए । तर एमाले सांसदहरुको नाराबाजी बीच अर्थमन्त्री जनार्दन शर्माले पेश गरेको ‘ विनियोजन विधेयक, २०७८’ स्वीकृत भयो ।

अर्थमन्त्री शर्माले ‘ विनियोजन विधेयक, २०७८’ माथि विचार गरियोस् भनी राखेको प्रस्ताव बैठकले स्वीकृत गर्‍यो । तर विनियोजन विधयेक पारित हुन सकेन । तर प्रतिनिधिसभा बैठक भने आगामी ४ असोजमा बस्नेगरी सभामुख अग्निप्रसाद सापकोटाले स्थगित गरेका छन् । सभामुख सापकोटाले बैठक केहीदिन पछाडि धकेलेपछि विनियोजन विधेयक-२०७८ पारित हुन सकेन । यो विधेयक पारित नभएपछि सरकारले राज्यकोषबाट बुधबार देखि खर्च गर्न नपाउने भएको छ । प्रतिनिधिसभा बैठकबाट बाहिरिदै अर्थमन्त्री शर्माले केही दिन सरकारको खर्च रोकिनसक्ने स्वीकारे ।

संभवतः विनियोजन विधेयक पारित नहुँदा सरकारको खर्च रोकिएको सम्भवतः यो पहिलो घटना हो । अर्थशास्त्रीय भाषामा यसलाई ‘बजेट होलिडे’ भनिन्छ । अघिल्लो सरकारले अध्यादेशबाट गत जेठ १५ गते चालू आर्थिक वर्षको बजेट ल्याएको थियो । अध्यादेशबाट ल्याइएको बजेट गत साउन ४ गते संघीय संसद् बैठकमा पेश भयो ।

अध्यादेश ६० दिनभित्र पारित गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । त्यो व्यवस्थाअनुसार, बजेट कार्यान्वयन हुन बुधबारसम्म विनियोजन विधेयक पारित गरिसक्नुपर्ने थियो । तर संसद्को सवैभन्दा ठूलो दल नेकपा एमालेका सांसदहरुको अवरोध कायमै छ ।

विरोधकै बीच विनियोजन विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको छ । तर विचार गरियोस् भन्ने प्रस्ताव पेश भएपछि संसद् बैठक स्थगित गरियो । सरकारी खर्च नरोक्न संसदबाट पेश्की विधेयक ल्याउनसक्थ्यो । तर अर्थमन्त्री शर्माले नियमित प्रक्रियाबाटै बजेट पारित गरिने बताए । अर्थमन्त्री शर्माले नियमित प्रक्रियाबाटै बजेट आउने भनेपछि सरकारी खर्च रोकिने भएको हो ।

अर्थमन्त्री शर्माले राजस्व उठाउने विषयमा कुनै अवरोध नहुने र नियमित हुने बताए । “पाँच/सात दिन खर्च गर्न नहुन सक्छ । राजस्व संकलनमा भने कुनै अवरोध हुँदैन”, अर्थमन्त्री शर्माले भने । पेश्की विधेयक ल्याउन लाग्न भएको भन्ने प्रश्नमा अर्थमन्त्री शर्माले त्यसतर्फ सरकारको कुनै सोच नरहेको बताए । तर एकाध दिन खर्च गर्न नपाए पनि नियमित प्रक्रियाबाटै विनियोजन विधेयक पारित गरिने बताए ।

अघिल्लो सरकारले ल्याएको अध्यादेश संसदमा पेश भएपनि २५ भदौमा एमाले नाराबाजीकै बीच २५ भदौमा प्रतिस्थापन विधेयक पेश भएको छ । अर्थमन्त्री शर्माले नियमित प्रक्रियाबाटै बजेट पारित हुने बताउनु भए पनि सदनमा एमालेको अवरोध जारी छ । सोमबार सभामुखले आयोजना गरेको सर्वदलीय बैठकमा एमाले सहभागी भएन ।

# शक्ति गुमाउँदै ‘शक्तिशाली’



**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २९ भदौ

सुदूरपश्चिममा शक्तिशाली वाम नेताका रुपमा चिनिएका भीम रावल र नेता लेखराज भट्ट दुवैले बर्चश्व गुमाउन पुगेका छन् । विगतमा साथ दिएका नेताहरु रावल र भट्टले गुमाएका छन् । भट्ट र रावललाई साथ गुमाउनुमा भने उनीहरुकै कारण हुन् ।

सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टले ०७८ जेठ २५ गते विश्वासको मत लिँदा प्रदेशसभामा एमालेका २४ जना मध्ये (सभामुखबाहेक) मध्ये १७ सांसदले ‘फ्लोर क्रस’ गरे । ७ जनाले विपक्षमा मतदान गरे । एमालेको स्थायी कमिटीको निर्देशन उल्लंघन गरेर फ्लोर क्रस गर्ने हिम्मत उनीहरूले भीम रावलकै निर्देशन र भरोसामा जुटाए ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल निकट नेता हुनु, रावल । तर माधव नेपाल सहित २२ एमाले सांसदले प्रधानमन्त्री शेरबहादुर देउवाले गएको ३ साउनमा विश्वाको मत दिंदा रावलले अलग रहे । पार्टी उपाध्यक्ष रावलले देउवालाई विश्वासको मत नदिई सांसद पदबाटै राजीनामा दिए ।

अभिभावक मानेका आफ्ना नेताको राजीनामापछि निराश भएका १७ सांसदले रावललाई राजीनामा फिर्ता गर्न आग्रह गरे । टेलिफोनको अनुरोधले मात्र नपुग्ने भएपछि १४ जना प्रदेश सांसद काठमाडौंमा रावलकै निवास पुगे । केही सांसदले नेपाललाई बेग्लै भेटेर राजीनामा फिर्ता गर्न दबाब दिए । नेता नेपाल पनि रावलकै घर पुगे र राजीनामा फिर्ता गर्न अनुरोध गरे । रावल निकट सांसदहरूको जोडबल नेपाल र रावल छुट्टिन हुन्न बाँकी पृष्ठ २ मा

## भट्टको उस्तै अवस्था

रावलकै जस्तो अवस्था छ, लेखराज भट्टको पनि । शुरुदेखि नै माओवादीको सुदूरपश्चिम संगठनभित्र लगभग एकलौटीको अवस्था थियो । सशस्त्र द्वन्द्वकालदेखि नै निकट भएकाले अध्यक्ष पुष्पकमल दाहालले सुदूरपश्चिममा उनकै रायका आधारमा हरेक निर्णय गर्थे ।

तर, एमाले र माओवादी केन्द्रको एकतापछि बनेको नेकपामा भने उनले खास जिम्मेवारी पाएनन् । सुदूरपश्चिमको इन्चार्ज हुन नपाएपछि दाहालसँग भट्टको दूरी बढ्न शुरु भइसकेको थियो ।

दाहाल र ओलीबीच टकराव शुरु भएपछि भने भट्ट दाहाललाई छाडेर ओली समूहमा समाहित भए । तर उनले माओवादीसँगको लामो यात्रालाई बिट मार्दै गर्दा सुदूरपश्चिमका आफ्ना सारथिहरूलाई आफूसँगै लैजान सकेनन् । एमाले र माओवादी केन्द्रको एकतापछि माओवादी केन्द्रका १४ जना केन्द्रीय सदस्य थिए । उनीहरूमध्ये अधिकांश भट्ट निकटकै थिए । तर उनले पार्टी छाडेर एमालेमा जाने बेला भने एक जना पनि उनको साथ लागेनन् । अहिले उनलाई ओली वृत्तकै छहारीमुनि चित्त बुझाउनुपर्ने बाध्यता देखिन्छ ।

प्रदेशसभामा पनि लगभग त्यही अवस्था हो । भट्टले जसलाई चाहे उसलाई मन्त्री दिने अवस्था थियो । मुख्यमन्त्रीमा त्रिलोचन भट्टलाई रोजेका थिए । मन्त्रीहरू पनि त्यसैगरी भएका थिए । १४ जना सांसदमध्ये पूर्वआर्थिक मामिला तथा योजनामन्त्री रहेका झपट बोहराबाहेक कसैले पनि नेता भट्टलाई साथ दिएनन् । दल फेरबदलको कानून अनुसार भट्टले जस्तै बोहराले पनि प्रदेश सांसदको पद गुमाइसकेका छन् ।

रावल र भट्ट दुवैसँग अलग्गिएका उनीहरू समर्थित नेता र कार्यकर्ता भने चिन्तित देखिन्छन् । एकीकृत समाजवादी रोजेका सांसदहरूको बुझाइमा १० बुँदे भनिएको सहमति कार्यान्वयन हुने कुनै छाँटकाँट देखिँदैन । ‘ओली पक्षले १० बुँदे कार्यान्वयन गर्ने रुची देखाएको भए त मलाई नै नैतिक अप्ठ्यारो बाँकी पृष्ठ २ मा

# एमालेलाई थप क्षति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ ।

निर्वाचन आयोगले सनाखत गर्न नदिएका थप दुई नेकपा एमालेका सांसदलाई नेकपा (एकीकृत समाजवादी) रोज्न बाटो खुला गरिदिएको छ । यसअघि नै एमालेका २३ सांसद एकीकृत समाजवादीतिर लागिसकेका छन् । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित २३ सांसद एकीकृत समाजवादीतिर लागेका थिए ।

तर प्रारम्भिक सूचीमा नाम नभएको भन्दै सोमप्रसाद पाण्डे र शारदादेवी भट्टले एकीकृत समाजवादी रोज्न पाएका थिएनन् । तर सर्वोच्च अदालतले एकीकृत समाजवादी जान सक्ने बाटो खुला गरिदिएको हो ।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र नहकुल सुवेदीको संयुक्त इजलासले आज प्रतिनिधिसभा सदस्य सोमप्रसाद पाण्डे र राष्ट्रियसभा सदस्य शारदादेवी भट्टलाई रोजेको पार्टीमा आवद्ध हुन पाउने हकमा असर पर्ने गरी कारबाही नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

“निवेदक सोमप्रसाद पाण्डे र शारदादेवी भट्टले नेकपा (एकीकृत समाजवादी) दलमा आवद्ध हुने गरी २०७८/५/८ गते निर्वाचन आयोगमा निवेदन गरी रोजेको आधारमा निजहरुको सो दलमा आबद्ध हुन पाउने हकमा असर पर्ने गरी कुनै काम कारबाही नगर्नु”, आदेशमा भनिएको छ ।

एमाले सांसद पाण्डे र भट्टले आफूलाई एकीकृत समाजवादीको सांसदमा कायम गराउन माग गर्दै २३ भदौमा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । रिट निवेदनमा आफूहरु एकीकृत समाजवादी पार्टीमा जान चाहेको तर निर्वाचन आयोगले सनाखत नगरेको र मुद्दाको किनारा नलागेसम्म एमालेले बाँकी पृष्ठ २ मा

# इजरायलको परीक्षामा दुई हजार बढी उत्तीर्ण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ

वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा रोजगारीका लागि लिएको अंग्रेजी भाषा परीक्षामा २ हजार ३९ जना उत्तीर्ण भएका छन् । विभागले आइतबार काठमाडौंका १६ परीक्षा केन्द्रमा परीक्षा लिएको थियो । ४ हजार २ सय महिला र ५ हजार ४ सय ९९ पुरुष गरी ९ हजार ६ सय ९९ नेपालीले आवेदन दिएकोमा ७ हजार ९ जनाले परीक्षा दिएको विभागका निर्देशक तथा सूचना अधिकारी कमल ज्ञवालीले जानकारी दिएका छन् ।

ज्ञवालीले ओएमआर विधिबाट उतरपुस्तिकाको जाँच लिइएका कारण नतिजा छिटो प्रकाशन गरिएको बताए । इजरायलले लैजाने एक हजारमध्ये ७० प्रतिशत अर्थात ७ सय महिला र ३० प्रतिशत अर्थात ३ सय पुरुष लैजाने बताएको छ ।

अंग्रेजी भाषा परीक्षा उत्तीर्णहरूलाई असोज एक गतेबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको व्यावसायिक सीप विकास प्रतिष्ठान भैंसेपाटी ललितपुरमा अन्तर्वार्ता उचाई र तौल परीक्षण गरिने विभागले जनाएको छ ।



तोकिएको उचाई र तौल सम्बन्धी मापदण्ड पूरा नहुने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी नगराइने विभागले जनाएको छ । त्यस्तै तोकिएको कागजातहरु प्रमाणित नभएमा जुनसुकै बखत दरखास्त रद्द हुने विभागले जनाएको छ ।

इजरायल रोजगारमा छानिएका कामदारहरुले ५ वर्षसम्म काम गर्न पाउनेछन् । इजरायल जाने कामदारको न्यूनतम तलब १६ सय डलर झन्डै १ लाख ९० हजार नेपाली रुपैयाँ हुनेछ । लागत शुल्क भने १ लाख ६५ हजार रुपैयाँ तोकिएको छ ।

## वैदेशिक रोजगार विशेष

### बेलायतको भिसा सहज बनाउन माग

**काठमाडौं/रासस-** नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले भिसा समस्याका कारण नेपाल-बेलायत आर्थिक सम्बन्ध विस्तार हुन नसकेको उल्लेख गर्दै सहज र सुलभ बनाउन आग्रह गरेका छन् । बेलायतले नेपाली व्यवसायीलाई सहज र सरलरूपमा भिसा उपलब्ध गराए द्विपक्षीय व्यापारमा गुणात्मक वृद्धि हुने उनको भनाइ छ ।

महासंघले मंगलबार काठमाडौंस्थित बेलायती दूतावासको अन्तर्राष्ट्रिय व्यापार विभाग र भिसा तथा आप्रवासन विभागसँगको सहकार्यमा आयोजना गरेको ‘बेलायत भिसा र अध्यागमन’ विषयक भर्चुअल अन्तरक्रियामा उनले काठमाडौंस्थित बेलायती दूतावासबाटै निजी क्षेत्रका लागि यूके भिसा उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिए ।

‘बेलायती भिसा हाल नेपालबाट प्रत्यक्ष उपलब्ध छैन, जसका कारण यहाँका भिसा आवेदकहरुलाई धेरै कठिनाइ र समस्याको सामना गर्नुपरिरहेको छ,’ वरिष्ठ उपाध्यक्ष ढकालले भने, ‘यसरी हामी सरोकारवालाबीचको छलफलमा यो व्यवस्थाबाट उत्पन्न समस्यासँगै समाधानको खोजी हुनेछ भन्ने मेरो विश्वास छ र नेपाली आवेदकहरुका लागि पक्कै पनि सहज र सरलरूपमा बाँकी पृष्ठ २ मा

**VACANCY ANNOUCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-

**Documentation- (M/F) 2 Nos**

Requirements:
- *Minimum 2 years of work experience in similar field.*
- *Must have knowledge of Dofe & Femis.*

Salary:
- *Attractive salary to the deserving candidate.*

**MOBHIRA RECRUITMENT CONSULTANCY SERVICES (P.) LTD.**
Budhanilkantha-06, Hatigauda, Kathmandu
Contact No.: 9801085638, 9801146233

**WANTED**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-




**1) Receptionist - 2 (M/F)**
**Minimum +2 pass, fluent in english & nepali with computer knowledge.*

**2) PRO - 2 (M/F)**
**Fluent in english & nepali with greek knowledge highly appreciated. Should have european countries documentation experience.*

**3) Documentation - 1(M/F)**
**Good knowledge of graphics, photoshop and feims. Minimum 2 years experience.*

Salary Negotiable

fmgroupoverseas
**FM GROUP OVERSEAS PVT. LTD**
Samakhusi-10, Kathmandu, Nepal
Tel. No.: 01-4952278 | Email: fmoverseas5@gmail.com

# वैदेशिक असफलताले बनायो 'सफल' कृषक

गलकोट/रासस- मानिसको जीवनमा अनेकन घुम्ती आउँछ । कतिपय घुम्ती, बाध्यता, अप्ठ्यारा, कठिनाइ, संकटले जीवनमा नयाँ आयाम ल्याउँदछ । बीस/बाइस वर्षको ठिटो हुँदा विदेश जाने मोहले निकै सताइरहेको थियो । बागलुङ नगरपालिका-१ रामरेखाका दुर्गा तिलिजा मगरको विदेश जाने भोकले धेरै ठाउँमा भौतारिने बनायो । वैदेशिक रोजगारीको दौडमै लगातार आठ वर्ष काठमाडौँ धाउँदाधाउँदै बित्यो । उमेरले ३० पुग्नै थाल्यो । न विदेश सफल भयो, न नेपालमा कुनै रोजगारीको टुङ्गो लाग्यो ।

युरोप, अमेरिका जाने त कुनै सोच थिएन उनको । तर साउदी र कतारजस्ता खाडी मुलुकका लागि अन्तर्वार्ता दिँदै उनको आठ वर्ष बितेको पत्तै भएन । काठमाडौँ धाउँदाधाउँदै उनको हजारौँ रकमसमेत खर्च भइसकेको थियो । अन्ततः तिलिजाले ३० वर्षको उमेरमा आएर विदेश नजाने निर्णय लिए । सायद विदेशका लागि पाएको हण्डर र ठक्करले पाठ सिकायो । उनका निर्णयमा परिवारको पनि साथ, सर्मथन रह्यो । वैदेशिक रोजगारीमा जाने सपना विफल भएपछि नयाँ कामका लागि सोच र प्रेरणा मिल्दै थियो । अहिले तिलिजाको दैनिकी फेरिएको छ । सरर्र स्कुटरमा कहिले बागलुङ बजार त कहिले कुश्मा बजारमा तरकारी, अण्डा, कुखुरा बेच्दै आएका छन् ।

उनी उमेरले अहिले ३७ वर्षको भए । तीस वर्षका उमेरमा थालेको कृषि तथा पशुपालन व्यवसाय फस्टाउँदै गयो । अहिले उनी सफल किसानका रूपमा परिचित भइसकेका छन् । बागलुङ -१० भकुण्डेस्थित कालीगण्डकी किनारामा रहेको दब्ल्याङ बगरमा तीन रोपनी जग्गा भाडामा लिएर कृषि कर्म गरिरहेका छन् ।

सुरुका पाँच वर्ष तरकारी खेतीसँगै ब्रोइलर कुखुरा पाल्दै आउएकोमा पछिल्लो समय ब्रोइलर छाडेर अण्डा दिने लेयर्स जातको कुखुरा पाल्दै आएका छन् भने पछिल्लो समय फस्टाउँदै गएको बट्टाई चरा, बङ्गुर र टर्कीसमेत पाल्दै आएको तिलिजा मगरले बताए । 'वैदेशिक



रोजगारीमा जान धेरै समय खेर फालिएको रहेछ, सुरुबाटै कृषिमा लागेको भए कहाँ पुगिन्थ्यो होला ? जे होस्, अहिले राम्रै कमाइ भइरहेको छ, आफ्नै परिवारको साथमा बसेर कृषि तथा पशुपालनमा रमाइरहेको छु,' उनले भने, 'अहिले किन विदेश जान खोजे हुँलाजस्तो लाग्छ, मैले सुरुमा ब्रोइलर कुखुरा पालेर व्यवसाय सुरु गरेको भए पनि अहिले बहुआयामिक बनाउँदै लगेको छु, बेमौसमी गोलभैँडा मेरो फार्मको मुख्य आम्दानीको स्रोत हो भने अण्डा, टर्की, बट्टाईपालनसमेत गर्दै आएको छु, अहिले आएर बङ्गुरपालनसमेत सुरु गरेको छु ।'

उनको कृषि तथा पशुपालनमा श्रीमती लक्ष्मी तिलिजाले समेत सघाउँदै आएकी छन् । उनको फार्ममा अहिले १०० अण्डा दिने लोकल कुखुरा, २५० बट्टाई चरा, छ टर्की चरा र १४ बङ्गुर रहेका छन् भने दुई रोपनी क्षेत्रफलमा तरकारी खेती दुईवटा आधुनिक टनेल रहेको लक्ष्मी बताउँछिन् । 'तीन रोपनी जग्गाको भाडा वार्षिक रु ३५ हजार तिर्दै आएका छौँ, फार्म आफैँले विस्तार गरेका हौँ, कुनै महिना राम्रो आम्दानी हुन्छ, कहिले हुँदैन,' लक्ष्मीले भनिन्, 'आफ्नो खायो, आफ्नै काम गर्‍यो, आनन्दको जीवन बिताउन पाइयो, अहिले गोलभैँडा गरेर दुई आधुनिक प्लाष्टिक टनेल खाली गर्ने अवस्थामा पुगेका छौँ, वार्षिक रु आठ/दश लाखको कारोबार गरिएकै हुन्छौँ ।' तिलिजा दम्पतीले लक्ष्मी कृषि तथा पोल्टी फार्म दर्ता गरेरै व्यावसायिक कृषि तथा पशुपालन शुरु गरेका छन् । उनीहरुले फार्म सञ्चालनमा रोगव्याधिका लागि प्राविधिक सल्लाह नपाएको समेत गुनासो गरे ।

कृषि ज्ञान केन्द्रले रु एक लाख ५० हजार अनुदान दिइसकेको बताउँदै थापा दम्पतीले बेलाबेलामा प्राविधिक ज्ञान नपाउँदा कुखुरा र टर्कीमा रोगको प्रकोप आएको बताउँछन् । 'टर्कीपालनमा अलि समस्या रहेछ, टर्कीलाई फरक खालको रोग लाग्दोरहेछ, यो अलि बुझिएन, ५० टर्की पाल्दै आएकामा अहिले छ वटामा सीमित छ, केही टर्की रोगका कारण मरेका छन्,' दुर्गाले भन्छन्, 'विदेश जाने सपना त देखियो, विदेश देख्न पाइएन तर साथीभाइको सुख दुःख सुनिएकै छ, अहिले नेपालमै केही गर्न थालेपछि धेरै सन्तुष्टि मिलेको छ, अब बागलुङमा बङ्गुरको मासुको अत्यधिक माग भएकाले बङ्गुरफार्म विस्तारमा लागिरहेको छु, अहिलेसम्म करिब रु १५ लाखको लगानी भइसकेको छ ।'

मगर दम्पतीले कृषिमा बिचौलियाको अन्त्य गर्नुपर्छ भन्दै आफैँले उपभोक्तासमक्ष पुर्‍याउने गरेको बताए । बिचौलियाले सस्तोमा खरिद गरी महङ्गोमा बेच्दा असली किसान र उपभोक्ता दुवै मारमा पर्दै आएकाले स्कुटरमा दैनिक आफूले उत्पादन गरेको अण्डा, मासु, तरकारी आफैँले बागलुङ, कुश्मा तथा म्याग्दीको बजारमा पुर्‍याउने गरेको उनको भनाइ छ । बर्खायाममा दाना ढुवानीमा आफूहरुलाई समस्या भएको भन्दै सडकको सुधार गर्नुपर्ने उनको माग छ । दक्षिण जोड्ने पुलमा बाढीले क्षति पुर्‍याउँदा दाना ढुवानी नभएका कारण घाँस खुवाएर कुखुरा बचाएको उनको भनाइ छ । 'किसानले मेहेनत गरेर उब्जाएको तरकारी र पशुजन्य वस्तु बिचौलियाले धेरै नाफा कमाएको आफूले महसुस गरेको थिएँ,' उनले भने, 'त्यसैले स्कुटर किनेर आफैँ बजार लैजाँदा बढी फाइदा कमाउन सकेको छु, बिचौलियाको अन्त्य गर्न सके आफूजस्ता किसानलाई सहज हुनेछ ।' सरकारले सस्तोमा ऋण सुविधा दिएमा लगानी थप्न निकै सहज हुने उनको भनाइ छ ।

भकुण्डेको फेदमा रहेको दब्ल्याङ कृषि कर्मका लागि निकै उर्वरभूमि मानिन्छ । त्यस क्षेत्रमा अन्य स्थानका मानिस आएर व्यावसायिक कृषि तथा पशुपालन गर्दै आएका छन् । नेपालमै कृषि गर्ने सोच बनाएका थापा दम्पती लगानी गर्ने स्थान खोज्दै दब्ल्याङ पुगेको बताउँछन् । तिलिजा दम्पतीको मेहेनत एउटा उदाहरण मात्रै हो । तर शुरुमै विदेशमोह त्यागेर व्यवसायमा लागको भए अझै सफलता प्राप्त गर्न सकिन्थ्यो भन्ने उनीहरुको भनाइ छ । दब्ल्याङमा थापा दम्पती जस्ता १० जना कृषकले व्यावसायिक कृषि तथा पशुपालन गर्दै आएका छन् । दब्ल्याङकै सरिता थापाले बङ्गुर तथा कुखुरापालन गर्दै आउनुभएको छ भने भर्खरै भकुण्डेका बबिन थापाले माछा र बङ्गुरपालन र धम्जाका दुर्गा श्रीष र अनिस श्रीष दाजुभाइले बङ्गुरपालन शुरु गरेका छन् । उक्त स्थान कृषिको हब बन्दै आएको छ । कालीगण्डकी किनारामा रहेको यस क्षेत्रमा रहेको हावापानी सुहाउँदो कुखुरा, माछा तथा बङ्गुरपालन निकै फस्टाउँदै आएको किसान बताउँछन् ।

**बाके डायरी**
पवन जायसवाल/मध्यान्ह

# तीज नृत्य प्रतियोगिताका विजयीलाई पुरस्कार

बाँकेमा वासले महिला तीज नृत्य प्रतियोगिता २०७८ का विजेता प्रतियोगीलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण भाद्र २८ गते गरेको थियो । वास नेपालको आयोजनामा भाद्र २८ गते सोमबार नेपालगन्जमा आयोजित कार्यक्रमका बीच संस्थाले विजेता प्रतियोगीहरुलाई नगद तथा प्रमाण-पत्र प्रदान गरेको हो ।

कोभिड १९ को जोखिमका कारण यस वर्ष बासले महिलाहरुका लागि अनलाइन तीज नृत्य प्रतियोगिताको आयोजना गरेको थियो । प्रतियोगितामा निर्णायकले गरेको निर्णय अनुसार र फेसबुकको लाईक र सेयरको आधारमा उत्कृष्ट छनौट गरिएको थियो । यसरी उत्कृष्ट स्थान हासिल गर्न सफल प्रतियोगीहरुको घोषणा प्रतियोगिताका निर्णायक सुन्दर गुरुङले गरेका थिए । महिला तीज नृत्य प्रतियोगिता २०७८ मा प्रथम स्थान बझाङ जिल्लाकी मनिषा सिंह, द्वितीय बर्दिया जिल्लाकी सपना चौधरी, तृतीय कैलाली जिल्लाकी इशा भण्डारी र सान्त्वना स्थान बाँके जिल्लकी बिन्दु कुमारी बिष्टले हात पार्न सफल भएकी छिन् । यसैगरी प्रतियोगितामा फेसबुक लाइक र सेयरका आधारमा बर्दिया जिल्लाकी आरजु गुरुङले मोस्ट पब्लिक




च्वाईस अवार्ड हासिल गर्न सफल भएकी छिन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्न सफल प्रतियोगीलाई क्रमशः नगद १० हजार, ७ हजार, ४ हजार र २ हजार र प्रमाण- पत्र प्रदान गरिएको थियो मोस्ट पब्लिक च्वाईसबाट सम्मानित आरजु गुरुङलाई नगद २ हजारका साथै प्रमाण-पत्र प्रदान गरिएको थियो ।

प्रतियोगीहरुलाई कार्यक्रमका अतिथि र निर्णायकले नगद र सम्मान- पत्र प्रदान गरेका थिए । यसरी सोही कार्यक्रमका बीच वासको २० औं ब्याचलाई नवगठित २१ औं ब्याचले सम्मान तथा बिदाई गरेको थियो कार्यक्रमका बीच वास स्वयम् सेवक संयोजक तपेन्द्र बहादुर मलातीले २० औं ब्याचका संयोजक मुना बिष्टसहितको कार्यसमिति पदाधिकारीहरुलाई मायाको चिनोसहित सम्मान गरेका थिए । मायाको चिनो प्रदान वासका सल्लाहकारद्वय रुद्र प्रसाद तिमिल्सना, पूर्णलाल चुके, वासका महासचिव तथा स्वयम् सेवक विभाग प्रमुख शिव कुमार वर्मा र कार्यवाहक कोषाध्यक्ष दिला शाहले गरेका थिए । महिला तीज नृत्य प्रतियोगिता २०७८ पुरस्कार वितरण कार्यक्रमका मुख्य प्रायोजक सन्तोष ज्वलर्सका प्रोप्राइटर सन्तोष गुप्ता र कार्यक्रममा प्रायोजन गर्ने आर्शिवाद पेन्टस नेपालगन्ज, माया बुटिक नेपालगन्ज, किचेन टप रेष्टुरेन्ट एण्ड पार्टी प्यालेस नेपालगन्ज र पिके साउण्ड सर्भिस नेपालगन्जलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

# वासको लोकप्रिय कार्यक्रम इन्स्पाईरिङ युथको फोटो बुक विमोचन



इन्स्पाईरिङ्ग युथ कार्यक्रम सञ्चालन भएदेखि २ सय श्रृंखलालाई समेटेर पुस्तक प्रकाशन गरिएको छ । वासको आयोजनामा नेपालगन्जमा आयोजित कार्यक्रममा वासका संस्थापक सल्लाहकार रुद्र प्रसाद तिमिल्सिना, सल्लाहकार पूर्णलाल चुके र इन्स्पाईरिङ्ग युथ कार्यक्रमका विभिन्न श्रृंखलाका अतिथि वक्ताहरुले संयुक्त रुपमा पुस्तकको विमोचन गरेका थिए ।

पुस्तक विमोचन कार्यक्रममा बोल्दै वासका सल्लाहकार तथा कार्यक्रमका अतिथि पूर्णलाल चुकेले वासले गर्ने हरेक कार्यक्रम प्रभावकारी भएको कारणले वास एक अग्रणी संस्थाको रुपमा स्थापित भइसकेको बताएका थिए । उनले इन्स्पाईरिङ्ग युथ कार्यक्रम बासको मुख्य कार्यक्रम रहेको भन्दै कार्यक्रमबाट थुप्रै युवाहरुको जीवनमा आमूल परिवर्तन ल्याउन सफल भएको बताएका थिए । इन्स्पाईरिङ्ग फोटो बुक एक नयाँ सोचका साथ आएको भन्दै फोटो बुक भोलीका दिनमा इतिहासको रुपमा रहने विश्वास व्यक्त गरेका थिए । यसरी कार्यक्रममा बोल्दै अतिथि स्नेहलता श्रेष्ठले इन्स्पाइरिङ्ग युथ कार्यक्रमले उत्कृष्ट कार्य गरेको तर समाजमा लुकेर बसेका व्यक्तिहरुलाई बाहिर ल्याउने काम पनि गरेको बताइन् । युवाहरुलाई स्वयम् सेवकको रुपमा अवसर प्रदान गर्नु नै वासको उत्कृष्ट कार्य भएको भन्दै फोटो बुक प्रकाशन गर्नु महत्वपूर्ण उपलब्धीको रुपमा लिएको उनको भनाइ थियो ।

वासका निवर्तमान अध्यक्ष मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा इन्स्पाईरिङ्ग फोटो बुकको बारेमा जानकारी जानकारी बासका कार्यकारी निर्देशक तथा इन्स्पाईरिङ्ग युथ कार्यक्रमका परिकल्पनाकार नमस्कार शाहले गरेका थिए । बासका कार्यवाहक अध्यक्ष लुना बुढाथोकीको अध्यक्षतामा भएको कार्यक्रममा वासका संस्थापक सल्लाहकार रुद्र प्रसाद तिमिल्सिना, सल्लाहकार पूर्णलाल चुके, इन्स्पाईरिङ्ग युथ कार्यक्रमका विभिन्न श्रृंखलाका अतिथिहरु स्नेहलता श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य कृष्ण प्रसाद श्रेष्ठ, गैसस महासंघ बाँके शाखाका सचिव आशिष वर्मा, अधिवक्ता बसन्त गौतम, कोभिड हिरो नरेश बाबु श्रेष्ठ, साहारा हाउसका अध्यक्ष अभिराज क्षेत्री, वरिष्ठ कलाकार श्यामानन्द सिंह, सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगन्जका अध्यक्ष दिपेन्द्र कुमार जोशी, सन नेपाल लाइफ इन्स्युरेन्सका प्रबन्धक कमल शाही, कलाकार जीत बहादुर थापा लगायतको उपस्थिति रहेको थियो । युवाहरुलाई लक्षित गरी बासले वि.सं.२०७३ साल जेष्ठ १ गते देखि इन्स्पाईरिङ्ग युथ कार्यक्रम हप्ताको एक दिन नियमित रुपमा सञ्चालन गर्दै आएको छ ।

# गैंडाकोटमा बस र ट्रक ठोक्किँदा तीन जनाको मृत्यु

नवलपुर/मस-पूर्वपश्चिम राजमार्ग अन्तर्गत नवलपुरको गैंडाकोटमा यात्रुबाहक बस र ट्रक एक आपसमा ठोक्किँदा तीन जनाको मृत्यु भएको छ ।

दुर्घटनामा मृत्यु हुनेमा बर्दिया बाँसबारी-८ बस्ने ७० वर्षीया योगमाया सुवेदी, कञ्चनपुर बस्ने अन्दाजी ४० वर्षीय किरङ्गी तिवारी र कञ्चनपुर महेन्द्रनगर झरारी बस्ने अन्दाजी ३५ वर्षीय कृष्ण राना रहेका जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्व नवलपुरका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए । गैंडाकोट नगरपालिका बडा नम्बर १० स्थित २३ स्मृति पुल नजिकै पूर्वबाट जादैं गरेको सु. प्र.-०२-००१ ख ११२३ नम्बरको बस र विपरित दिशाबाट आउदैं गरेको ना ६ ख ७१२६ नम्बरको ट्रक एकआपसमा ठक्कर खाइ दुर्घटना भएको हो ।

दुर्घटनापछि बस सडक देखि १० फिट तल खसेको थियो । दुर्घटनामा परी गम्भीर घाइते हुनेहरुमा जुम्ला तिला गाउँपालिका-४ बस्ने ३३ वर्षीय टोपबहादुर शाही, बर्दिया बाँसगढी-८ बस्ने ८२ वर्षीय डिल्लीराम सुवेदी र कञ्चनपुर बेलपुर-९ बस्ने ३२ वर्षीय चित्रदेव लेखक रहेका छन् ।

अन्य घाइते हुनेहरुमा झापा बाहुनडाँगीका १६ वर्षीय पारस ढकाल, मोरङ विराटनगर-३ बस्ने २१ वर्षीया पूजा रेग्मी, त्यही ठाउँ बस्ने २८ वर्षीय सरोज पोखरेल, कैलाली बस्ने १६ वर्षीया रोशनी अधिकारी, कञ्चनपुर महेन्द्रनगर-१ बस्ने ४९ वर्षीय मोहन कोइराला छन् । दुर्घटनामा परी जुम्ला तिला गाउँपालिका-४ बस्ने २६ वर्षीय चन्द्रनाथ योगी, बस चालक कञ्चनपुरका ४२ वर्षीय लालवीर लोहार, रूपन्देही बस्ने २८ वर्षीय सुरज अधिकारी, झापा बस्ने ३६ वर्षीय मनकुमार श्रेष्ठ घाइते भएका छन् ।

अन्य घाइतेहरूमा कञ्चनपुर झलारी बस्ने २६ वर्षीया उर्मिला तिरुवा, ट्रक चालक प्युठानका २७ वर्षीय अमृत सिंह विष्ट, सुर्खेत विरेन्द्रनगरका ४० वर्षीय रामबहादुर थापा, नवलपुर हुप्सेकोट गाउँपालिका-३ बस्ने २६ वर्षीया सविना लिम्बु, त्यही ठाउँका २ वर्षीय जोशन सारु मगर, नवलपुरका १८ वर्षीया गङ्गा ओली, सुर्खेत विरेन्द्रनगर-७, बस्ने ४२ वर्षीय मनकुमार थापा र महोत्तरी बर्दिवासका २३ वर्षीय रमेश यादव छन् । घाइते सबैको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# सोलुखुम्बुको सबै स्थानीय तहमा पठनपाठन शुरु



**रमन वन/मध्यान्ह**
सोलुखुम्बु, २९ भदौ

आठ स्थानीय तह रहेको सोलुखुम्बुको सबै स्थानीय तहमा भौतिक रुपमै पठनपाठन शुरु भएको छ । कोभिड १९ को जोखिम बढेसँगै बन्द भएका विद्यालयहरु सञ्चालनमा आएको शिक्षा विकास तथा समन्वय इकाइ सोलुखुम्बुका प्रमुख खगेन्द्र श्रेष्ठले मध्यान्हलाई जानकारी दिए ।

उनका अनुसार कोरोना जोखिम कम भएसँगै स्वास्थ्य मापदण्डको पूर्ण पालनासहित विद्यालयहरुले भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गरेको हो ।

विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालनमा ल्याएको देउसा माध्यमिक विद्यालय थुलुङ दुधकोशी गाउँपालिका ५ का प्रधानध्यापक रेवन्त बरालले बताए ।

विद्यालय वरपर र शौचालयको सरसफाई, शुद्ध खानेपानीको व्यवस्थापन, अविभावक र विद्यार्थीहरुसँग आवश्यक समन्वय गरेर पठनपाठन थालेको सम्बन्धित पालिकाको शिक्षा शाखाले जनाएको छ ।

जिल्लामा सञ्चालित २७६ वटा विद्यालयमा करिब २८ हजार विद्यार्थी अध्ययनरत रहेको शिक्षा विकास तथा समन्वय इकाइ सोलुखुम्बुको तथ्यांकमा उल्लेख छ ।

## शक्ति....

भन्ने थियो । तर प्रदेशसभामा बलियो पकड राख्ने भीम रावलको अवस्था अहिले उल्टिएको छ । एमाले विभाजनपछि रावलले आफू साथ दिनेहरु जोगाउन सकेनन् । सुदूरपश्चिमका १४ जना प्रदेश सांसदले एमाले छाडेर नेकपा एकीकृत समाजवादी रोजेका छन् । ती मध्ये तत्कालीन नेपाल-खनाल समूहको छाताभित्र, तर रावलको नेतृत्वमा रहेका १७ सांसद मध्ये १३ सांसदले रावलको साथ छाडेर एकीकृत समाजवादीको यात्रा तय गरेका हुन् ।

रावलका पक्षमा सतिसालझैं उभिने भनेर सार्वजनिक रूपमै बताउने प्रदेशका सांसदहरूले 'युटर्न' गरे । रावलले पनि लामै समयदेखि आफूनिकट नेता कार्यकर्ताहरूले यसरी बाटो मोड्लान् भन्ने सायदै सोचेका थिए । तर, भयो त्यही ।

'पार्टीभित्र विधि र प्रक्रिया मिचेको भनेर केपी ओलीको त्यति धेरै विरोध र संघर्ष गर्‍यौं । त्यस्तो अर्घेल्याइँभित्र हामीलाई त टेक्ने नै ठाउँ देखेनौं,' एमालेमा प्रमुख सचेतक रहिसकेकी दुर्गाकुमारी कामीले मध्यान्हलाई भनिन्, 'हामीले उहाँको साथ छाडेका हैनौं, रावल सरले हामीलाई छाड्नुभएको हो ।' तर शुरुदेखि नै ओली पक्षमा रहेका प्रदेशका पूर्वमन्त्री सांसद पठानसिंह बोहराको बुझाइमा भीम रावल सबैको नेता भएकाले सबैलाई मिलाएर लानुपर्ने हो । 'उहाँ (रावल) पार्टी विभाजनको विपक्षमा उभिनुभएको हो । विगतको पार्टीभित्रको अन्तरसंघर्षको परिस्थिति बेग्लै थियो,' उनले भने, 'रावलमाथि प्रहार हुने काल्पनिक कुरा मात्र हो ।'

अझ, लामै समय रावलको सबैभन्दा निकट रहेर काम गरेका उनको गृह जिल्ला अछामका जिल्ला अध्यक्ष समेत रहेका राष्ट्रियसभा सदस्य शेरबहादुर कुँवरले पनि एकीकृत समाजवादी रोजेपछि राष्ट्रिय राजनीतिमै प्रभावशाली रहेका रावल आफ्नै भूगोलमा कमजोर भएको सन्देश गइसकेको थियो । त्यसैमा प्रदेशसभामा अछामका ४ एमाले सांसदमध्ये ३ जना मना साउद, दुर्गाकुमारी कामी र बलबहादुर सोडारीले पनि रावलसँगको यात्रा अलग गरेका छन् । उनकै नगरपालिकाका मेयर कुलबहादुर कुँवरले पनि साथ छाडेका छन् । अलग्गिनेहरू सबैको एउटै भनाइ छ, 'साथ हामीले हैन, उहाँले छाड्नुभएको हो । हामीले त फर्किने ठाउँ नै देखेनौं ।' धेरैले आशंका गरेजस्तो १० बुँदे कार्यान्वयन नहुने अवस्थामा सबैभन्दा बढी मार रावललाई नै पर्ने देखिएको छ ।

## भट्को ...

पर्ने थियो,' एकीकृत समाजवादीमा गएका प्रदेश सांसद तारा लामा तामाङ भन्छन्, 'जेठ २ गतेको अवस्थामा त कञ्चनपुरमा म अध्यक्ष थिएँ ।'

सुदूरपश्चिममा एमालेको सांगठनिक राजनीति ओली निकटकै नेताहरुको वरिपरि हुने देखिएको भएपनि लेखराज भट्टप्रति ओली स्वयं सकारात्मक देखिएकाले तत्काल उनले एक्लो महसुस गर्नुपर्ने अवस्था छैन । तर सुदूरपश्चिममा ओली निकट नेता कार्यकर्ताहरुले माओवादी पृष्ठभूमिका भट्टलाई नै नेता मानेर जान सक्नेमा भने कमैले मात्र विश्वास गरेको देखिन्छ ।

भट्ट निकट ओली पक्षका नेता प्रदेशका पूर्वआर्थिक मामिलामन्त्री झपट बोहराले अहिलेको परिवर्तित अवस्था र सांसदहरूको संख्याका आधारमा मात्रै नेताहरूको अवस्था आंकलन गर्न नसकिने बताए । उनले निकट भविष्यमा हुने निर्वाचनमा जनताको मतका आधारमा मात्रै दल र नेताहरूको राजनीतिक धरातलको अवस्था मूल्यांकन हुने बताए ।

हालका आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशी ओलीले गत वर्ष धनगढीमै आएर 'प्रदेशको विकासको समस्या हुन्, ती मान्छे । अब त्यो समस्याको समाधान भएको छ । त्यसतालाई गाउँमै ठेगान लगाउनुपर्छ, माथि पुगेपछि दुःख दिन्छन्,' भनेर रावललाई भनेको सम्झिन्छिन् । उनको विचारमा ओली पक्षले रावललाई 'यता न उता' को बनाइदिने जोखिम छ । आइतबार बालुवाटारमा ओलीले बोलाएर लेखराज भट्ट नै सुदूरपश्चिमको इन्चार्ज हुने भनिसकेपछि रावलका लागि आगामी दिनमा चुनौती थपिएको उनी निकटकै कार्यकर्ताहरुको पनि बुझाइ छ ।

## एमालेलाई ...

गर्न सक्ने कारबाही रोक्न आदेशको माग गरिएको थियो । अदालतको अन्तरिम आदेशसँगै एमालेका दुई सांसदलाई नेकपा (एकीकृत समाजवादी) पार्टीमा जान बाटो खुलेको छ ।

एमालेबाट प्रदेश १ बाट १० जना, प्रदेश २ बाट १३ जना, बागमतीबाट १३ जना, लुम्बिनीबाट एक जना, कर्णालीबाट तीन जना र सुदूरपश्चिम प्रदेशबाट १३ जना सांसदले एमाले छोडेका थिए । १४ सय बढी स्थानीय तहका जनप्रतिनिधिले समेत एमाले छोडेर एकीकृत समाजवादी रोजेका छन् । २०३ मध्ये ६० केन्द्रीय सदस्यले समेत एकीकृत समाजवादी रोजेका थिए । पार्टी विभाजनसँगै एमाले केन्द्र देखि सबै प्रदेशमा प्रतिपक्षी दल बन्दैछ । प्रदेश २ र बागमतीका मुख्यमन्त्रीहरुले बहुमत गुमाएपछि प्रतिपक्षी बन्ने संभावना बढेको छ । यता एमाले छोडेका एकीकृत समाजवादी भने केन्द्र सहित प्रदेश सरकारमा समेत सहभागी हुँदैछ ।

## बेलायतको ..

भिसा उपलब्ध हुनेछ ।' नेपाल र बेलायतबीच आर्थिक सम्बन्धको लामो इतिहास भए पनि द्विपक्षीय व्यापार र लगानीको अहिलेको अवस्था उत्साहजनक नरहेको वरिष्ठ उपाध्यक्ष ढकालले बताए । नेपाल र बेलायत दुवै मुलुकले आर्थिक सम्भावनाको पूर्ण क्षमताको अनुभूति गर्न नसकेको उनको भनाइ छ । सो अवसरमा ढकालले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक पेश गर्दै नेपालको वैदेशिक व्यापारमा बेलायततर्फ निकासीको हिस्सा एक दशमलव सात प्रतिशत र आयातमा बेलायतको हिस्सा शून्य दशमलव १६ प्रतिशत मात्र रहेको जानकारी दिए ।

नेपाल र बेलायतबीच रहेको दुई शताब्दी पुरानो द्विपक्षीय सम्बन्धलाई अबका दिनमा निजी क्षेत्रमार्फत उचाइमा पुर्‍याउन सकिने उनको विश्वास छ । नेपाल र बेलायतबीच निजी क्षेत्रको सहयोगको माध्यमबाट बलियो आर्थिक र व्यापार सम्बन्ध रहेको स्मरण गराउँदै उनले यसका लागि महासंघसहित 'नेपाल-बेलायत उद्योग वाणिज्य संघ'ले काम गरिरहेको जानकारी दिए ।

## रौतहट डायरी
इस्त्याक अहमद/मध्यान्ह

# पत्रकारहरुको मानमर्दन गर्नेलाई कारबाही गर्न महासंघको माग




नेपाल पत्रकार महासंघ रौतहटले पत्रकारहरुको मानमर्दन गरेकोप्रति ध्यानाकर्षण भएको जनाएको छ। महासंघले रौतहटको गौर नगरपालिका वडा नं २ बस्ने प्रवीण टिवरेवाल तथा परोहा नगरपालिका वडा नं ८ बस्ने अभिमनु राउतले रौतहटका केही पत्रकाहरुको मानमर्दन गरेकोप्रति आपत्ति जनाएको हो ।

एक विज्ञप्ति जारी गर्दै महासंघले केही व्यक्तिगत कुण्ठा, रिस राग, द्वेष भाव रहेका तथा महासंघलाई नै बदनाम गराउने नियतले टिवरेवाल र राउतले रौतहटका केही पत्रकारहरुले परोहा नगरपालिकाबाट नगर प्रमुख शेख वकिलको निजी स्वार्थ परिपूर्ति गर्न विभिन्न बहानामा ल्यापटप, मोबाइल तथा नगद बुझेको भनी सामाजिक सञ्जालमा लेखेर मानमर्दन गरेको उल्लेख गरेको छ । महासंघले यस घटनाको निष्पक्ष छानविन गरी सत्यतथ्य सार्वजनिक गर्न परोहा नगरपालिकासमक्ष आग्रह गरेको छ । साथै घटनाको छानविन गरी पत्रकारहरुको मानमर्दन गर्ने व्यक्तिलाई कानूनी दायरमा ल्याउन समेत महासंघले माग गरेको छ ।

# ५७ औं राष्ट्रिय बाल दिवस मनाइयो



'सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने मूल नाराका साथ ५७ औं राष्ट्रिय बालदिवस मनाइएको छ । रौतहटको राजपुर नगरपालिका तथा सोही नगरपालिका अन्तर्गतको जनता (नमुना ) माध्यमिक विद्यालय राजपुर फरहदवामा विशेष कार्यक्रकाबीच दिवस मनाइएको हो ।

राजपुर नगरपालिकामा ५७ औं वालदिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममा नगरपालिका अन्तर्गतका विद्यालयका बालबालिकाहरुले सहभागिता जनाएका थिए । जनता (नमुना ) मावि बाट उल्लेख्य संख्यामा बालबालिकाहरु सहभागी भएका थिए ।

कार्यक्रममा निवर्तमान प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर शिक्षा अधिकृत दिपक खत्री, जनता (नमुना) माध्यमिक विद्यालय राजपुर फरहदवाका प्रधानाध्यापक विजयकान्त मिश्र, आसमान नेपाल संस्था अन्तर्गतको प्रारम्भ कार्यक्रमका संयोजक यमुना श्रेष्ठ, हाजरा शबनम विद्यार्थीहरुका तर्फबाट जनता माविकी मनिता कुमारीले मन्तव्य राखेका थिए ।

नगरपालिकाको तर्फबाट सहभागी बालबालिकाहरुलाई उपहार वितरण गरिएको थियो

राजपुर नगरपालिकाका उपप्रमुख जफिरा खातुनको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन जुलेखा खातुनले गरेकी थिइन् ।

कार्यक्रममा आसमान नेपालका सुशील थापा किसान माबि बालुवाका प्रअ एजाजुलहक खान विभिन्न विद्यालयका शिक्षकहरु प्रदीप महतोसहित प्रवेज तथा श्यामनरेश सिंह लगायत नपाका कर्मचारीहरु पनि सहभागि भएका थिए ।

# 'सिर्जनशील बालबालिका नै भविष्यका आशाका किरण'



काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले बालबालिका जीवन र जगतलाई निरन्तरता दिने सृष्टिका कोपिला रहेको बताएकी छन् । बाल दिवसका अवसरमा राष्ट्रपति भण्डारीले भनिन्, 'सिर्जनशील बालबालिका नै भविष्यका आशाका किरण हुन् ।'

बालबालिकाको समग्र विकासका लागि बालमैत्री समाज निर्माण गर्न सबैलाई आग्रह गर्दै उनले बालबालिकालाई भनिन्, 'व्यक्तित्व विकासको महत्वपूर्ण चरणमा रहेका बालबालिकाले अनुशासन र मेहनत गरी अतिरिक्त क्रियाकलापमा सहभागी हुन म आग्रह गर्छु ।' उनले सिर्जनात्मक कार्यक्रममा सहभागी हुन आग्रहसमेत गरिन् ।

बाल दिवसका अवसरमा राष्ट्रपति कार्यालयमा बालबालिकासँग भेट्न पाएकामा खुशी व्यक्त गर्दै उनले भनिन्, 'बालबालिका भनेका भविष्यका जिम्मेवार नागरिक हुन, परिवार, विद्यालय र राष्ट्रले बालबालिका सहभागिताको विषयमा ध्यान दिनुपर्छ ।'

राष्ट्रपति भण्डारीले बालबालिकाको विकासका लागि नेपाल सरकारले संघ, प्रदेश, स्थानीय तहमा सडक बालबालिकामुक्त राष्ट्र अभियान, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र, बाल कोष, अस्पतालमा शय्याको व्यवस्था गरेको स्मरण गराइन् । साथै बालबालिकाको संरक्षणका लागि थप चेतनामूलक कार्यक्रम चलाउन आवश्यक रहेको उनको भनाइ थियो ।

बालबालिकाको संरक्षण गर्नका लागि कोभिड-१९ विरुद्धको खोप ल्याउनका लागि सरकारले पहल गरिरहेको र नेपाल सरकारको नीति तथा कार्यक्रममा बालबालिका प्रतिष्ठानको अवधारणा अघि सारिएको बताइन् । बाल दिवसका अवसरमा नेपाल बाल संगठनले आयोजना गरेको कार्यक्रममा राष्ट्रपति भण्डारीले सरकारले बालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषणजस्ता कुरामा ध्यान दिएको बताइन् । सो अवसरमा राष्ट्रपति भण्डारीले चित्रकला, बालगीत, कविता र नृत्य प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाले देश संघीयतामा प्रवेश गरेसँगै बालबालिकालाई स्थानीय तहबाटै संरक्षण गर्नुपर्ने गरी काम भइरहेको बताइन् ।

नेपाल बाल संगठनका अध्यक्ष विद्या उपाध्यायले अभिभावकविहीन बालबालिकालाई संरक्षण दिने र शिक्षा दिने व्यवस्था गरिरहेको जानकारी दिइन् । उनले बालमन्दिरका बालबालिकाको हेरचाहका लागि सरकारले बजेटसमेत बढाइदिनु आग्रह गरिन् ।

नेपालमा कुल जनसंख्याको एक तिहाइ बालबालिका रहेका छन् । तीमध्ये १८ वर्षमुनिका बालबालिका एक करोड १५ लाख (४१.८ प्रतिशत) छन् । संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपाल सरकारले सन् १९९० सेप्तेम्बर १४ अर्थात विसं २०४७ भदौ १२ गते अनुमोदन गरेको थियो । यस वर्षको बाल दिवसको नारा 'सामान्य अवस्थामा वा कोभिड माहामारी : बालअधिकारको संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने रहेको छ ।

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकमा राखेको छ । मौलिक हकको धारा ३९ मा बालबालिकासम्बन्धी हकको व्यवस्था गरेको छ । उक्त हकअन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ भनी व्यवस्था गरेको छ।

# राष्ट्रिय बाल दिवसको अवसरमा प्रवचन

## उपत्यका डायरी
दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले बालबालिकाको हक, हित संरक्षण र सम्वर्द्धन गर्नका लागि तीनै तहका सरकार, अभिभावक, विद्यालय र समग्र समाजको भूमिका अपरिहार्य भएको बताएकी छन् । राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं ९ को आयोजनामा मंगलबार भएको प्रवचन कार्यक्रममा सम्बोधन गर्दै उनले कोभिड महामारीका कारण लामो समयदेखि बन्द शैक्षिक संस्थाहरु सुरक्षित ढंगले भौतिक रुपमा सञ्चालन गर्ने तयारीमा जुटिरहेको बताइन् ।

आधुनिकता सँगसँगै मौलिकतालाई पनि जोगाउँदै लानुपर्छ भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागू गर्दै आइरहेको अवगत गराउँदै उनले सामुदायिक विद्यालयको स्तरोन्नति र स्तर वृद्धिमा नगरपालिकाले विशेष ध्यान दिइरहेको बताइन् ।




उपप्रमुख जोशीले सामाजिक गतिविधिहरुमा बालबालिकाहरुको सक्रिय भूमिकाको आवश्यकता रहेको बताउँदै साँस्कृतिक नगर भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्य नगरपालिकाको रहेको बताइन् । भक्तपुर नगरपालिकाले कोभिड महामारीबीच जनताको सहयोगमा ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माण गरी नगरबासीहरुलाई निःशुल्क वितरण पनि गर्दै आइरहेको उनले बताइन् । भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ-नयाँ प्रविधिको प्रयोगले बालबालिकाहरुमा नकारात्मक असर परेकोतर्फ सचेत गराउँदै प्रविधिको सही उपयोग गर्न आग्रह गरे ।

कार्यक्रममा ख्वप अस्पतालका डाक्टर बालकृष्ण चाँगुभारीले कोभिडको परिचय, लक्षण र कोभिडबाट बच्ने उपायहरुबारे अवगत गराउँदै कोभिड संक्रमितहरुको पहिचानको लागि ख्वप अस्पतालले शनिबार बाहेक प्रत्येक दिन १ देखि २ बजेसम्म निःशुल्क अन्टिजेन परीक्षणलाई चालु राखेको बताए ।

भक्तपुर नपाका कार्यपालिका सदस्य छोरीमैयाँ सुजखुको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सिद्धि शारदा आधारभूत विद्यालयका प्रअ धनेशराज राजोपाध्याय र बागीश्वेरी माविका प्रअ कृष्णप्रसाद धन्छा र भक्तपुर नपाका शाखा अधिकृत दिपेन्द्र प्रजापतिले मन्तव्य राखेका थिए ।

कार्यक्रममा ९ वडाका विभिन्न विद्यालयका विद्यार्थीहरु प्रकाश रोक्का, निपुन प्रजापति, लोकेश रन्जित, सन्जिला प्रजापति, आस्था गोमान्जु र निश्चल छुकांले बाल दिवस र कोभिड शीर्षकमा कविता वाचन गरेका थिए ।

# क्वारेन्टाइन र आइसोलेसन केन्द्र बालमैत्री भएनः अध्ययन

कोभिडको समयमा निर्माण गरिएको क्वारेन्टाइन तथा आइसोलेसन केन्द्र बालमैत्री नहुनाले कोभिड संक्रमित बालबालिकालाई प्रत्यक्ष असर पारेको एक अध्ययनले निष्कर्ष निकालेको छ ।

राष्ट्रिय बाल दिवसको अवसर पारेर कोभिड १९ ले बालबालिकाहरुमा परेको असर र त्यसबाट सुरक्षित राख्नको लागी बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह (कर्न्सोटियम नेपाल) ले नेपाल सरकार र नागरिक समाजको भुमिका विषयको सन् २०२१ को जुन र जुलाई महिनामा गरेको अध्ययन र अनुसन्धानले उक्त निष्कर्ष निकालेको हो ।

अध्ययनको निष्कर्ष मंगलबार पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्दै कन्सोर्टियमका अध्यक्ष किरण थापाले कोभिड १९ ले बालबालिकाहरुमा हुर्कने र क्षमता विकाशमा प्रत्यक्ष असर पारेको, वैकल्पिक शिक्षाले कम्प्युटर तथा इन्टरनेटको पहुँच हुने र नहुनेबीच ठूलो खाडल देखिएको, कोभिडका कारण रोजगारी गुमाएका अविभावकका बालबालिका तथा



अविभावकै गुमाएका बालवालिकाहरुलाई प्रत्यक्ष असर पारेको बताए ।

अनुसन्धानकर्ताका प्रमुख त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दिपेश घिमिरेले बालबालिका सरकारको उच्च प्राथमिकतामा नपरेकोले बालबालिकाहरुलाई कोभिड विरुद्धको खोपबाट बन्चित बनाएको, अस्पतालहरुमा बालमैत्री आइसोलेसन नभएको, बालबालिकाहरु कुपोषणको दुश्चकमा फर्किने अवस्था आएकोले पोषणको अवस्था सुधार्न नसकेको बताए । कोभिडको तेस्रो लहरमा बालबालिका बढी संक्रमित हुनसक्ने सम्भावनालाई मध्येनजर गर्दै संघीय तहमा कान्ति बाल अस्पताल र प्रदेश तहमा एक/एक वटा अस्पतालहरुलाई कोरोना विशेष बाल अस्पतालको रुपमा विकाश गर्नुपर्ने उनले बताए ।

कार्यकममा बालअधिकारकर्मी तथा संस्थाका उपाध्यक्ष मोहन दंगालले कोभिड १९ बाट बालबालिकाहरुलाई सुरक्षित राख्नको लागी आवश्यक पर्ने सर्वाङ्गिण पक्षलाई समेटेर सरकारले बालमैत्री व्यवस्थापन मापडण्ड ल्याउनुपर्ने, संकमित गर्भवती, सुत्केरी, नवजात शिशु तथा नाबालकको स्वास्थ्य सुरक्षाको लागी स्पष्ट प्रावधानहरु समेट्नु पर्नेमा जोड दिएका थिए । कार्यकम वल्ड भिजन र कन्सोर्टियम नेपालको साझेदारीमा सम्पन्न भएको हो ।

# दार्चुलामा पहिलो पटक बालकमा कोरोना संक्रमण पुष्टि



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला २९ भदौ

दार्चुलामा सोमबार दुई जना बालकसहित ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जनस्वास्थ्यविद्ले कोरोनाको तेस्रो लहरको खतरा देखाइरहेको बेला जिल्लामा सोमबार दुई जनाबालक सहित ६ जनामा कोरोना संक्रमण पुष्टि भएको हो। जिल्ला अस्पताल दार्चुलामा आठ जनाको एन्टिजेन परीक्षण गर्दा ६ जनामा कोरोना संक्रमण पुष्टि भएको बताइएको छ।

जिल्ला अस्पताल दार्चुलामा पुगेका अढाई वर्षीय र ४ वर्षीय बालकमा एन्टिजेन पोजेटिभ देखिएको जिल्ला अस्पताल दार्चुलाका चिकित्सक आदर्श लिम्बुले मध्यान्हलाई बताए । जिल्लामा बालकहरुमा कोरोनाको लक्षण देखिएको यो पहिलो केस हो । उनीहरुमा कोरोनासँग मिल्दोजुल्दा लक्षण सबै देखिएपछि एन्टिजेन परीक्षण गरिएको थियो । बालबालिकामा रुघाखोकी, ज्वरो, लगायतका कोरोनाका लक्षण देखिएको बताइएको छ ।

तेस्रो भेरियन्टले बालबालिकालाई बढी असर गर्ने जनस्वास्थ्यविद्ले भनिरहेको बेला जिल्लामा बालबालिकामा कोरोना संक्रमण देखिएपछि चिन्ताको विषय बनेको छ ।

कोरोना बढ्ने लक्षणदेखिएसँगै जिल्ला अस्पतालले १० ब्याडसहितको आइसोलेसन वार्ड तयार गर्न थालेको डाक्टर लिम्बुले बताए। अहिले मौसममा आएको परिवर्तनको कारण पनि जिल्ला अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा विरामीको भीड बढेको स्वास्थ्यकर्मीहरुले बताएका छन् ।

## दैलेख डायरी
यामराज बिष्ट/मध्यान्ह

# दैलेखमा शिक्षकको घाँटी रेटेर हत्या



दैलेखको मालिका माध्यमिक विद्यालयमा एक शिक्षकको घाँटी रेटेर हत्या गरिएको छ। गुराँस गाउँपालिका-८ घर भएका करिब ४१ वर्षीय सामाजिक विषय पढाउने शिक्षक नगेन्द्र विसीको सोमबार राति घाँटी रेटेर हत्या गरिएको हो ।विसी सोमबार राति ११ बजेसम्म छोटेपोखराको एक किराना पसलमा बसेको र त्यसपछि घटना भएको हुनसक्ने स्थानीय भुपेन्द्र ओलीको अनुमान छ ।

मंगलबार बिहान दुध पुऱ्याउन आएका स्थानीयहरुले स्कुलको बराण्डामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनाबारे अनुसन्धान भइरहेको र शंकास्पद २ जनालाई नियन्त्रणमा लिएको दैलेख प्रहरी प्रमुख अनुप श्रेष्ठले मध्यान्हलाई बताए । प्रहरीले विसीको शव पोष्टमार्टमका लागी जिल्ला अस्पताल दैलेखमा पठाएको जनाएको छ ।

# दैलेख बजारमा सफाइ अभियान शुरु




दैलेखमा सफाइ अभियान शुरु गरिएको छ। पूर्व राज्यमन्त्री कुन्ती कुमारी शाहीले सो अभियानमा दैलेख बजारको बीच सडकको फोहोर उठाएर अभियानको शुभारम्भ गरेकी हुन् । बाग्मति सफाइ महाअभियानको प्रेरणाबाट शुरु भएको दैलेख सफाइ अभियान कार्यक्रममा बोल्दै पूर्व राज्यमन्त्री कुन्ती कुमारी शाहीले अब नागरिकमा सचेतना आउन जरुरी रहेको बताइन्। हरेक व्यक्तिले सबैभन्दा पहिला सफाइमा ध्यान दिन आवश्यक रहेको बताउँदै उनले अब दैलेखलाई सफा सुन्दर बनाउने जिम्मेवारी सबै दैलेखवासीको रहेको बताइन् ।

यस्तै बाग्मती सफाइ तथा मेची महाकाली सफाइका अभियन्ता समाजसेवी चक्र बहादुर चन्द्रले आफु बाग्मती सफाइ अभियानमा सहभागी हुँदा नागरिकस्तरको अभियानबाट निकै प्रभावित भएको भन्दै दैलेखमा शुरु भएको यस किसिमको अभियानले देशमा ठुलो परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । स्थानीय नागरिक शिवराज जैसीले यो अभियान शुरु भएसँगै दैलेख बजारमा फोहोरको मात्रा बढिरहेको अवस्थामा यस किसिमको अभियानले सबैलाई जनचेतना जगाउने र सम्बन्धित निकायलाई पनि फोहोर व्यवस्थापन सम्बन्धी जिम्मेवारी बोध हुने विश्वास लिएको बताए। यस किसिमका अभियान निरन्तर संचालन हुनुपर्ने भन्दै स्थानीयहरुको यो अभियानमा पूर्ण साथ रहने उनले बताए।

कार्यक्रममा दैलेख नगरपालिका उपप्रमुख सवित्री मल्ल, दैलेखी सेवा समाजका उपाध्यक्ष मिना थापा, एभरेष्ट क्लब दैलेखका अध्यक्ष दिपक शाही, स्थानीय नागरिक लगायतको सहभागिता रहेको थियो। सफाइ अभियान स्थानीय गणेशचोकबाट शुभारम्भ भएको थियो । साथै अभियानसहित जनचेतनामुलक अभियान स्थानीय देवकोटा चोकमा पुगेर समापन गरिएको थियो ।

# पत्रकारको निःशुल्क दुर्घटना बीमा



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), २९ भदौ

नेपाल पत्रकार महासंघ पाल्पाले पत्रकारको निःशुल्क दुर्घटना बीमा गरेको छ। शाखामा आबद्ध सदस्य तथा कर्मचारी गरी १०१ जनाको दुर्घटना तथा उपचार खर्च बीमा गरिएको हो। महासंघले प्रत्येक पत्रकारको रु एक लाख बिमाङ्कको दुर्घटना बीमा र रु दश हजार बराबरको उपचार खर्च सहितको बीमा गरिएको महासंघका अध्यक्ष रेखिराम रानाले बताए । महासंघले सेवा प्रदायक कम्पनी सगरमाथा इन्स्योरेन्स कम्पनीसँग बिमा सम्झौता गरेको छ। बीमित व्यक्तिहरु बिरामी भई उपचार गर्दा लागेको खर्चमा अधिकतम रु १० हजार खर्च कम्पनीले व्यहोर्ने छ भने कुनै पत्रकारको दुर्घटनामा परी मृत्यु भएमा रु.एक लाख कम्पनीले उपलब्ध गराउने महासंघका कोषाध्यक्ष मुक्तिप्रसाद न्यौपानेले जानकारी दिए ।

## सम्पादकीय

# सीमा नाघेको बेथिति

प्रतिनिधिसभाबाट विनियोजन विधेयक-२०७८ पारित नभएपछि बुधबार देखि सरकारी खर्च रोकिने भएको छ । संसद् भवनबाट बाहिरिँदै अर्थमन्त्री जनार्दन शर्माले पेश्की विधेयक नल्याउने बताएपछि सरकारी खर्च रोकिने निश्चित पक्का भएको हो । २७ भदौमा संशोधित बजेट सरकारले ल्याएको थियो । तर प्रमुख विपक्षी दल नेकपा एमालेको लगातार अवरोध भइरहेपछि प्रतिनिधिसभाको अर्को बैठक ४ असोजसम्म स्थगित गरिएको छ । तर ३० भदौभित्र विनियोजन विधेयक पारित भइसक्नुपर्ने थियो । १५ जेठमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले अध्यादेशबाट बजेट ल्याएको थियो । उक्त अध्यादेश ३ साउनमा बसेको पुनर्स्थापित प्रतिनिधिसभा बैठकमा पेश गरियो । संसद् शुरू भएको ६० दिनभित्र अध्यादेश अनुमोदन नभए निष्कृय हुने संवैधानिक व्यवस्था छ ।

तर सरकारले बजेट अध्यादेश प्रतिस्थापन विधेयक २७ भदौमा पेश गरेको छ । एमालेको अवरोधकै बीच विधेयक पेश भएपछि अर्थमन्त्री शर्माले संशोधित बजेट पेश गरेका थिए । तर एमालेको अवरोध कायमै रह्यो । एमालेले सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा मागेर संसद्मा नाराबाजी गर्दै आएको छ । नाराबाजीकै कारण विनियोजन विधेयक माथि छलफल हुन सक्ने अवस्था छैन । अर्कातिर एमालेको माग बमोजिम राजीनामा दिने मनस्थितिमा सभामुख छैनन् । अतः बजेट संशोधनतिर लाग्ने, तर विनियोजन विधेयक पारित गराउन नसक्ने परिस्थितिका कारण पनि खर्च रोकिन लागेको हो ।

यसको असर र क्षति कति पर्छ भन्ने तथ्य बिस्तारै आउला । तर यो परिस्थिति जवाफदेहिताहीन राजनीतिको परिणाम हो । सत्ताकै लागि असंवैधानिक कदम चाल्न पनि तयार हुने अनि मुलुक र नागरिकप्रति इमान्दारिता प्रकट नगरिनुको हद संसदीय इतिहासमै संभवतः पहिलो पटक आइलागेको छ । सरकारले गरिरहेको असंवैधानिक कदमलाई सर्वोच्च अदालतले सच्याउँदै आए पनि मुलुकमा आइलागेको खर्च गर्न नमिल्ने यो परिस्थितिले नेतृत्वको नैतिकतामाथि गम्भीर प्रश्न समेत उठेको छ । जसको असर मुलुक, नागरिक र मूल्यमान्यता माथि त पर्छ नै, सँगै अहिलेको नेतृत्व पुस्ताप्रति भने नागरिक दृष्टिकोण असाध्यै नराम्रोगरी बिग्रिनेछ । व्यक्तिका लागि सत्ता जनताको सेवा गर्ने अवसर समेत हो भन्ने हेक्का नराख्दा इतिहासको पानामा खराब नेतृत्वका रूपमा समेत दर्ज हुने उत्तिकै खतरा छ ।

## सामाजिक सञ्जाल



एमसीसी जस्तो अपमानजनक र घोर राष्ट्रघाती सम्झौतामा गुपचुपमा सही धस्काएर आउने व्यक्ति र यसलाई नेपालको संसदबाट अनुमोदन गर्न तम्सिने र माहोल बनाउने दासानुदासको नागरिकता नेपाली होला तर मन नेपाली हुन सक्दैन । एमसीसी देश र जनतामाथि अपराध हो ।

**- बाबुलाल भण्डारी**



पार्टीले पदाधिकारीलाई निष्कासन गरि, सूचना दिएको हप्तौं दिनसम्म सुचना टाँस नगरी पार्टी फुटाउने रोल खेल्ने सभामुख चाहिँ कसरी सहि ? बृफकेश फुटाल्दै अर्थमन्त्रीलाई झम्टदै टेबल र कुर्सीले आक्रमण गर्नेले आज, मर्यादा सिकाउन सुहाएन है । सभामुख प्रचण्डको आदेशपालक भएर, कुर्सीमा बस्न मिल्दैन ।

**- दिपक बस्याल**



अनि नेपालको राजनीति कताँ पुग्यो ? २/४ दिन भो फलो नगरेको ? देउवाले राम राज्यको मन्त्रीमण्डल विस्तार गरे गरेनन् ? माधव नेपालको पार्टी देशकै ठुलो पार्टी बन्यो बनेन ? झाँक्री दिदी के मन्त्री बन्नु भो ? प्रचण्ड राजनीतिमै छन् कि देउघाट पुगे ?

**- बसन्त घिमिरे**



मिलेर चल्नुपर्छ पार्टी : प्रचण्ड र कांग्रेसी मिडियाले भीम रावलले इञ्चार्ज नपाए एमाले छोड्छ भन्दै थिए, तर उनले भने – कसैले कसैलाई इञ्चार्जबाट हटाएको होइन, म अहिले एमालेको उपाध्यक्ष र सुप संयोजक हुँ । उनकै अगाडी लेखराजले भने – सुप इन्चार्ज आफू भएको र रावलसँग कुनै मतभेद छैन ।

**- नारायण शर्मा**



पूँजीवादको विकाससँगै विस्तार भएको लोकतन्त्रको सम्मान हामीले भन्दा उनीहरूले ज्यादा गर्छन्, ढुक्क हुनुस्, तपाईंको भूमिमा अमेरिकी सेना परेड खेल्न आउन आवश्यक छैन्, हामी विकास र लोकतन्त्रको सम्मानमा अझ १०० वर्ष पछाडि नै छौं । भोको पेटको राष्ट्रवादले खाडीका युवाको पसिना सोस्दैन् ।

**- निर्मला ढकाल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

सन्दर्भ : बाल दिवस

# बाल हित र बाल अधिकार

बालबालिकाको उचित शिक्षाको अभाव छ । कोरोना संकट भन्दै महिनौं कोठाबन्दी भए, अध्ययन अध्यापनको सम्भावना रहेन, केही अनलाइन शिक्षा चले पनि सबैले पाएनन् र प्रविधि अभाव र प्रविधिमैत्री हुन नसक्दा बालबालिकाहरुको शिक्षामा नराम्रो असर पर्न गयो । कोरोनाकै कारण अब हजारौं साना नानीहरु शिक्षातर्फ नफर्कने भइसकेका छन्



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

बालबालिकाको क्षेत्रमा सबै देशले चासो राखेका हुन्छन् । सबैको कानूनमा फरक परिभाषा भए पनि बाल अधिकारसम्बन्धी महासन्धिले १८ वर्ष मुनिका सबै मानिसलाई बालबालिकाको रुपमा स्वीकार गरिएको पाइन्छ । हाम्रो देशमा बालबालिका ऐन, २०७५ अनुसार १८ वर्ष मुनिका नानीबाबुहरु बालबालिका हुन् । बाल अधिकारका विषयमा चर्चा गर्ने हो भने बयस्कभन्दा फरक रुपले पाउने विशेष अधिकारलाई बाल अधिकार भनि बुझ्नु पर्ने हुन्छ । नेपालको मुलुकी देवानी संहिता ऐन २०७४ र फौज्दारी संहिताले बालबालिका भनेर १८ वर्ष पुरा नगरेका असक्षम एवं अर्ध सक्षम नागरिकलाई परिभाषित गरेको छ । सन् १९४८ को विश्व मानव अधिकार घोषणापत्रले बाल अधिकारलाई मानव अधिकारको रुपमा औपचारिक रुपमा स्वीकारेको हो । बाल अधिकार महासन्धि १९८९ ले बालबालिकाको अधिकारको संरक्षण एवं सम्बर्धनको भूमिका खेलेको देखिन्छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघले पारित गरेको यो दस्तावेज हालसम्मकै मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय ठूला महासन्धि मध्ये धेरै राष्ट्रले एकै पटक अनुमोदन गरेको महासन्धि पनि हो ।

सन् १९९० सेप्टेम्बर १४ मा नेपालले अनुमोदन गरेको यो महासन्धिमा १८ वर्ष मुनिका बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व हो भनि स्पष्ट पारेको छ । बाँच्न पाउने जन्मसिद्ध अधिकार, आमा-बाबुसँग बस्न पाउने अधिकार, उनीहरुको नाम र राष्ट्रियताको अधिकार, पारिवारिक पुनर्मिलनको अधिकार, विवेक र धर्मसम्बन्धी अधिकार शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको अधिकार, उनीहरुको अभिव्यक्तिको स्वतन्त्रता, अपांगता भए हेरचाहको अधिकार, यौन र अन्य शोषणविरुद्धको अधिकार आदि रहेका छन् । राज्यले भेदभाव गर्न नहुने, जिम्मेवार मानिसले बेवास्ता गरे राज्यले हेर्नुपर्ने, अधिकारको कार्यान्वयन गर्नुपर्ने बाबु आमाबाट बिछोड भए संरक्षण दिनुपर्ने, अपहरणबाट जोगाउनु पर्ने, बेचबिखन वा सौदाबाजीबाट जोगाउनु पर्ने, उचित न्यायिक कारबाही, सामाजिक पुनर्स्थापना, दुर्व्यवहारबाट बचाउनु पर्ने, कुनै अमानवीय र अपमानजनक काम कारबाही हुन नदिने, कुनै पनि बालबालिकाको अपहरण हुन नहुने स्वतन्त्र अदालतबाट यसको उपचार पाउनु पर्ने कानूनी प्रावधान पनि रहेको छ ।

हाम्रो देशमा सर्वप्रथम बालबालिकासम्बन्धी ऐन, २०४८ मा तर्जुमा भएको देखिन्छ र नियमावली भने २०५१ मा आएको हो । अन्तरिम संविधान २०६३ ले बालबालिकासम्बन्धी हकलाई मौलिक हकका रुपमा रोखेको पाइन्छ भने वि.सं. २०७२ को संविधानपछि साविकको ऐनलाई विस्थापित गर्दै बालबालिकासम्बन्धी ऐन, २०७५ बाल केन्द्रित छुट्टै प्रस्तुत भएको पाइन्छ । तर संविधानमा देखाउने कुरा जति गरे पनि व्यवहारतः खासै प्रगति नभए जस्तै बालबालिकाका क्षेत्रमा पनि त्यस्तै छ । वि. सं. २०३१ भाद्र ४ देखि देशमा बाल दिवस मनाउने चलन चलेको हो । जनआन्दोलन २०६३ पछि यसलाई भाद्र २९ गते गर्ने गरि सारियो । सन् १९९० सेप्टेम्बर १४ मा नेपालले महासन्धिलाई अनुमोदन गरेको दिन पारेर भाद्र २९ देखि यो दिवस मनाउन लागिएको हो । नेपालको संविधान २०७२ को धारा ३९ ले बाल बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्वीकारेको छ । गत वर्ष भाद्र २९ को बाल दिवसको नारा विपद्मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको प्रतिबद्धता भन्ने रहेको थियो । ऐन कानून बनेर मात्र हुन्न, तिनको उचित प्रयोग मूल कुरा हो । हामीकहाँ बाल बिवाहको प्रचलन रोकिएको छैन । बालबालिकाको उचित शिक्षाको अभाव छ । कोरोना संकट भन्दै महिनौं कोठाबन्दी भए, अध्ययन अध्यापनको सम्भावना रहेन, केही अनलाइन शिक्षा चले पनि सबैले पाएनन् र प्रविधि अभाव र प्रविधिमैत्री हुन नसक्दा बालबालिकाहरुको शिक्षामा नराम्रो असर पर्न गयो । कोरोनाकै कारण अब हजारौं साना नानीहरु शिक्षातर्फ नफर्कने भइसकेका छन्, निरन्तरताको अभावले गर्दा ।

चौधौं योजनाको प्रगतिमा आधारभूत शिक्षामा विद्यार्थी भर्नादर ९३ प्रतिशत पुगेको, माध्यमिक तहमा भर्नादर ४६ प्रतिशत पुगेको सरकारी दाबी छ । स्वास्थ्यको कुरा गर्दा भने प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्युदर २० मा झार्ने लक्ष्य राख्दा २१ मा पुगेको, प्रति हजार जीवित जन्ममा ५ वर्ष मुनिका बाल मृत्युदर ३० मा झार्ने लक्ष्य लिँदा ३९ मात्र प्राप्त भएको देखिन्छ । दिगो विकासको लक्ष्यमा आधारभूत शिक्षा खासगरी कक्षा ५ को गणित, नेपाली,



> कतिपय बालबालिका घरेलु र मानवीय दूर्व्यवहारको शिकार भइरहेका छन् । बालश्रममा सुधार भएको छैन । उद्योग कलकारखाना, यातायातक्षेत्रमा बालबालिकाहरुको प्रयोग भइराखेको देखिन्छ । होटल मजदूर, खाजा घर, सडक, मठ मन्दिर वर पर बालबालिकाको भीडै देखिन्छ ।

अंग्रेजी सिकाइ दर ५५, ६६ र ५६ प्रतिशत पुग्नु पर्ने लक्ष्यमा क्रमशः ३५,३४ र ४१ मात्र पुगेको छ । मातृ मृत्युदर प्रति लाखमा १२५ मा झार्ने लक्ष्य लिइदा २३९ अर्थात् आधा मात्र प्राप्त भएको देखिन्छ । कम तौलका ५ वर्षमुनिका बालबच्चाको संख्या प्रति लाख २० मा झार्ने लक्ष्यमा २४ भन्दा बढी छ ।

कतिपय बालबालिका घरेलु र मानवीय दूर्व्यवहारको शिकार भइरहेका छन् । बालश्रममा सुधार भएको छैन । उद्योग कलकारखाना, यातायातक्षेत्रमा बालबालिकाहरुको प्रयोग भइराखेको देखिन्छ । होटल मजदूर, खाजा घर, सडक, मठ मन्दिर वर पर बालबालिकाको भीडै देखिन्छ । यौन शोषण र कुपोषणमा उनीहरु रहेका छन् । देशमा गरीबीको अवस्था गम्भीर छ, आमा-बाबु बिहीन, बेसहारा, आयश्रोत नहुने अवस्था, बाध्यता, विवशता, हेरचाह, औषधिमूलो, अनेकानेक कारणहरुले बालबालिकाहरु जेखिममा छन् । हाम्रो अर्को समस्या भनेको बहु बिबाह, दाइजो प्रथा, सामाजिक बिसंगति, आमा बाबु गुमाएका साना नानीहरुको पीडा, अनाथ, टुहुरा धेरै छन् । श्रम रोजगारीक्षेत्रमै बालबालिकाहरु असुरक्षित हुने अवस्था धेरै विषय हाम्रा सामु चनौतीहरु छन् ।

सर्वसाधारण जति कराए पनि कोरोनाको नाममा सरकार लकडाउन नै एक मात्र अस्त्र सम्झेर बाँकी सम्पूर्ण जनजिविकाका विषयमा मौन बस्न पुग्यो । एसईईलगायत देशमा कुनै परीक्षा सञ्चालन भएनन् । ठूलो लगानी गरेका निजीक्षेत्रका विद्यालयहरु पनि मलीन भए । दूधे बालबालिकाहरु जन्मेको वर्ष दिनमै घाँटीमा टाईको भारी बोक्न नपरेको र सँधैं आफ्ना अभिभावकहरु सँगसँगै बसी मिठो-मिठो खान पाएकोमा मख्ख देखिए भने किशोर किशोरीहरु भने कतै आफैं मरिने हो कि वा हेर्दाहेर्दै आफ्ना अग्रज, अभिभावक गुमाउनु पर्ने हो कि भनी चिन्तामा परे । लामो समयदेखि कोठामा गुम्सँदा उनीहरु एक किसिमको डरलाग्दो मनोवैज्ञानिक संकटमा परे । शैक्षिक सत्र नाम मात्रको भयो । हाम्रो देशमा सूचना र प्रविधिको पहुँच कम छ, कम्प्युटर, नेटको पहुँच र यसको गुणस्तर कम छ । दूधे बालबालिकाहरु घरकोठामा बसेर त्यसको उपयोग गर्न सक्दैनन्, अभिभावकको क्षमता छैन ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ

अभिनेत्री करिश्मा मानन्धर अमेरिकन मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको विपक्षमा उभिएकी छिन्। उनले सरकारले एमसीसीको बारेमा जनतालाई बुझाउन सक्नु पर्ने बताएकी छिन्। साथै, देशमा कलह उत्पन्न हुने कुनै सम्झौता गर्न नहुने उनले बताएकी छिन्।

एमसीसीले जनतालाई दुःख दिने आशय व्यक्त गर्दै उनले फेसबुकमा लेखेकी छिन्, 'घरमा हात्ती ल्याएर घरका मान्छे बाहिर बस्नुपर्‍यो भने हात्ती ल्याउनु ठिक होला ? घरभित्र कलह हुने तत्व भित्र्याउनु ठिक होला ? अगुवाइ गर्नेहरुको विगतका निर्णयका परिणामले गर्दा नै जनतामा यो अविश्वास उब्जाएको होला नि त।'

एमसीसीको बारेमा ठोकुवा गरेर जनतालाई बुझाउन आग्रह गर्दै करिश्माले जनताको विरोधमा गएर अगुवाइ गर्न नहुने बताएकी छन्। नेपाल र अमेरिकी सहयोग निकाय एमसीसीबीच सन् २०१७ सेप्टेम्बर १४ मा ऊर्जा र सडक पूर्वाधार विकासका लागि पाँच सय मिलियन अमेरिकी डलरको सम्झौता भएको थियो। हालै एमसीसी उपाध्यक्ष फातिमा सुमार नेपाल समेत आएकी थिइन्। अमेरिकन मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना यतिबेला राजनीतिक तहदेखि सर्वसाधारणसम्ममा बहसको विषय बनेको छ। सत्तामा साझेदार राजनीतिक दलहरु राष्ट्रिय सहमति जुटाएर संशोधनसहित एमसीसी संसदबाट पारित गर्नुपर्ने पक्षमा छन् भने सत्ताभन्दा बाहिर रहेका केही राजनीतिक दलहरुले एमसीसी राष्ट्रघाती सम्झौता रहेको भन्दै दिनहुँ सडक तताएका छन्। नेपाली फिल्मकर्मीहरुले पनि यस विषयमा आफ्नो धारणा राखिरहेका छन्। यसअघि शुक्रबार सामाजिक सञ्जाल फेसबुकमा एक भिडियो पोष्ट गर्दै अभिनेता राजेश हमालले पनि घुमाउरो शैलीमा जनतालाई स्वीकार हुन नसकेको एमसीसी सम्झौता लागू गर्न नहुने बताएका थिए। नागरिकको भावनामा ठेस् पुऱ्याएर वा चित्त नबुझाई यसलाई लागू गरेमा त्यसले दूरगामी असर पार्ने हमालको भनाइ छ।

# 'चिठ्ठी'को छायांकन शुरु



**काठमाडौं/मस–** सरकारले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर २५ जनाको समुहमा छायांकनको अनुमति दिएसँगै फिल्म निर्माण हुने क्रम विस्तारै बढेको छ। यसैक्रममा आइतवारबाट फिल्म 'चिठ्ठी' को छायांकन शुरु भएको छ। काभ्रेको दोलालघाटमा मुहूर्त गर्दै फिल्मको दृश्य खिच्न शुरु गरिएको हो। माधवराज खरेलले निर्देशन गरिरहेको फिल्मको दोलालघाटपछि काठमाडौंमा छायांकन हुनेछ।

सस्पेन्स कमेडी कथामा बन्ने फिल्ममा सन्जित भण्डारी मुख्य नायकको भूमिकामा छन्। फिल्म 'लम्फू' बाट अभिनय करिअर शुरु गरेका उनले गत महिना साउनमा फिल्म 'आँधी तुफान २' को छायांकन पूरा गरेका थिए। 'चिठ्ठी' मा उनको जोडी नव-अभिनेत्री कन्चन चालिसेसँग बाँधिएको छ। फिल्ममा आफ्नो भूमिका सशक्त रहेको र दर्शकलाई फरक र नौलो लाग्ने उनको विश्वास छ।

कमला जोशी र राजन थापाको संयुक्त निर्माण रहने यस फिल्ममा श्रीदेव भट्टराई, नम्रता खरेल, मोहन निरौला, शान्ति प्रिय, गोपाल ढकाल 'छन्दे', खड्ग बहादुर पुन मगर, मुस्कान लामा, पुष्कर राउत, अस्मिन कार्की लगायतका कलाकारहरुको पनि अभिनय देख्न पाइनेछ। यसै वर्ष प्रदर्शनको लक्ष्य राखिएको फिल्मलाई उत्कृष्ट बनाउन कुनै कसर बाँकी नराख्ने निर्देशक खरेलले बताए।

# हिमाल सागरको 'एकादेशको कथा'



**काठमाडौं/मस–** गायक हिमाल सागरले आफ्नै स्वर तथा संगीतमा नयाँ गीत 'एकादेशको कथा' ल्याएका छन्। रोमान्टिक शैलीको गीतमा श्याम पराजुलीको शब्द र संजय हमालको संगीत संयोजन छ। अमेरिकाको पिट्सबर्ग, पेन्सिलभेनिया लगायत स्थानमा छायाँकन भएको भिडियोमा पूर्ण लम्साल र लक्ष्मी ओलीको रोमान्स देख्न सकिन्छ।

दिलकृष्ण श्रेष्ठको निर्देशन रहेको भिडियो प्रविन मानन्धरले सम्पादन गरेका हुन्। पी एण्ड एच प्रोडक्सनको आधिकारिक च्यानल मार्फत भिडियो सार्वजनिक गरिएको हो।

# 'निषेधाज्ञाका प्रतिबिम्बहरु' सार्वजनिक



**काठमाडौं/मस–** नेपाली साहित्यमा क्रियाशील ६ जना कविहरूको संयुक्त कविताकृति 'निषेधाज्ञाका प्रतिबिम्बहरू' सार्वजनिक भएको छ। विमोचित कविताको कृतिकारहरूमा ऋषभदेव घिमिरे, मधु पाठक, रञ्जना निरौला, डा. शान्तिमाया गिरी, सुमन वर्षा र सुषमा आचार्य अंशु रहेका छन्।

नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङलगायतले उक्त संयुक्त काव्यकृति लोकार्पण गरे। उपकुलपति डा. गुरुङले पुस्तक विमोचन गर्दै कवि तथा लेखकमा सरस्वती तथा व्यासको बौद्धिक अंश हुनुपर्ने विचार व्यक्त गरे। उनले कविता लेख्ने खासगरी नारीले मानव वेदनालाई नजिकबाट चित्रण गर्न सक्ने बताए।

कृतिमा समेटिएका ६ कविहरूले कोरोना कालखण्डमा तयार पारेका कविताहरू संकलन गरिएको छ। राष्ट्रिय साहित्य प्रतिष्ठानका अध्यक्ष कवि ऋषभदेव घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रममा सन्ध्या पहाडी, विधान आचार्य, श्रीओम रोदन, राधेश्याम लेकाली, डा. रेणुका थापा, डा. विन्दु शर्मालगायत बोलेका थिए।

# 'गल्ली यही हो'मा सन्तोष र कञ्चन



**काठमाडौं/मस–** प्रदर्शोन्मुख फिल्म 'तीन जन्तु'का निर्माता सन्तोष अधिकारीको निर्देशन तथा अभिनय रहेको नयाँ गीत 'गल्ली यही हो'को भिडियो रिलिज भएको छ। अजयकुमार अधिकारीको शब्द, संगीत र स्वर रहेको गीतमा फणिन्द्र राईको एरेञ्ज छ। सोमबार आसाप इन्टरटेनमेन्टको युट्युब च्यानलबाट गीतको भिडियो सार्वजनिक गरिएको हो।

भिडियोमा निर्देशक अधिकारीसँगै मोडल कञ्चन भुजेल फिचर्ड छन्। मोडल भुजेलले नै कोरियोग्राफी गरेको गीतमा राम बास्तोलाको छायांकन र निशान घिमिरेको सम्पादन रहेको छ।


**नेपाल विगिनर ट्राभलस एण्ड ट्रेक्स एक्स्पिडिसन प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६९/६/२१ मा दर्ता भएको प्रा.लि. नं. १०६५१४/०६९/०७० को **नेपाल विगिनर ट्राभल्स एण्ड ट्रेक्स एक्स्पिडिसन प्रा.लि.** को सञ्चालकहरुको मिति **२०७८/५/२८** मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ।

**लिक्विडेटरः सरोज दाहाल, दामासाही ब्यवसायी, इजाजत नं. ३५३, प्रतीक ल फर्म**
**ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**



**साउदीमा रोजगार** JADDARAH RECRUITMENT COMPANY, DAMMAM
पुर्व स्विकृति मिति: २०७८।५।२९ चलानी नं. ६०१६३०१० LT No. 245655

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 पुरुष | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ असोज ६ गते (22 September 2021) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६१२२, ४०१६२५१



**OMAN मा रोजगार** | १. कम्पनी : BAHJA FOF INNOVATION UNITED शहर: Bausher
पूर्व स्वीकृत मितिः २०७८/०५/२८ चलानी नं.: ६०१६३०४० LT. No.: 245553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४२,७९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 2 | 0 | | 140 | ४२,७९१ | | | | | | | |

२. कम्पनी : AL AMIR INTERNATINAL LOGISTICS SERVICES EST शहर: Ibri
पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३०३९ LT. No.: 245392

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 8 | 0 | स. काममा दक्ष | 100 | ३०,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com



**कतारमा रोजगारको अवसर** | कम्पनीः RETAIL MART शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३०३८ LT. No.: 245720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 6 | 0 | | 1000 | ३२,२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.** (श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला**
टेकु, काठमाण्डौ

**बोलपत्र स्वीकृति सम्बन्धी आशय पत्रको सूचना**

प्रकाशित मितिः २०७८।५।३०

यस कार्यालयबाट मिति २०७८।४।२० गते अन्नपूर्ण दैनिकमा प्रकाशित स्टेशनरी सामग्रीहरु सम्बन्धी सूचना अनुसार पेश भएका बोलपत्रहरुमध्ये मूल्यांकन समितिको निर्णयानुसार न्यूनतम मूल्यांकित एवं सारभूत रुपमा प्रभावग्राही देहायको फर्मको बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | विवरण | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम अंकमा | कबोल रकम अक्षरमा |
|---|---|---|---|---|---|
| १ | NPHL/STA/NCB-3/2078/79 | STATIONARY PURCHASES AND PRINTING FOR REGULAR PROGRAM | एस एम ट्रेडर्स एण्ड सप्लायर्स, कोटेश्वर, काठमाण्डौ | ७,३८,०३९ | सात लाख अठ्तीस हजार उनान्चालीसमात्र। |

निर्देशक



**कतारमा रोजगार** | कम्पनी : AL SAFA FACTORY FOR THERMAL INSULATION PLASTIC शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/04/01 चलानी नं.: ६०१६०२३२ LT. No.: 242422 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour Services | 6 | 0 | | 1000 | ३२,२९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Eurosia Human Resourse Pvt. Ltd.** Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel : 01-4380243
Mobile No.: 9851064740, 9851071905, 9851064740 , 9851071905, 9851237357
E-mail : eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com



तयारी साफको

साफ च्याम्पियनसिपको तयारीका लागि नेपाली टिम कतारमा अभ्यासरत रहेको छ। त्यहाँ अभ्यास गरेर उतैबाट नेपाली टिम प्रतियोगिता खेल्न माल्दिभ्स प्रस्थान गर्ने छ। तस्वीर : एन्फा

# रिभाईभ लिजरपार्क राष्ट्रिय ब्याडमिन्टन असोज १ गतेदेखि

**काठमाडौं/मस-** रिभाईभ लिजरपार्कको स्थापनाको उपलक्षमा 'प्रथम रिभाईभ लिजरपार्क खुल्ला राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप २०७८' असोज १ गते देखि हुने भएको छ । पार्कको आफ्नै कभर्डहलमा हुने च्याम्पियनसिपले कोभिडबाट प्रभावित खेलाडीहरुलाई पुनर्ताजगी बनाउने आकांक्षा राखिएको छ ।

सकारात्मक र स्वस्थ जीवन जिउने उत्प्रेरणाका साथ आयोजना गर्न लागिएको च्याम्पियनसिपमा पुरुष एकल, महिला एकल, शीर्ष २० देखि बाहेकका पुरुष युगल र ४० बर्ष माथीका भेटरान्स युगल गरि ४ विधामा खुल्ला प्रतियस्पर्धा हुने छ । च्याम्पियनसिपमा राष्ट्रिय खेलाडीहरु, प्रदेश र जिल्ला, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल गरि तीन विभागिय टिम, विभिन्न संघ संस्था, क्लब, नेपालमा बसोबास गर्दै आईरहेका विदेशी खेलाडीहरुलाई पनि सहभागिता गराईने पत्रकार सम्मेलनमा जानकारी गराईएको छ । नेपाल ब्याडमिन्टन संघको स्विकृति तथा प्राविधिक सहयोगमा हुने च्याम्पियनसिपमा २०० बढि खेलाडीहरुको सहभागिता रहने आयोजकले जनाएका छन् ।

करिव १७ लाख अनुमानित बजेट रहेको च्याम्पियनसिपमा विजयी खेलाडी तथा टिमलाई नगद पुरस्कार सहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने छ। पुरुष एकल र महिला एकलका विजयी शिर्ष तीनले नगद ५० हजार, २५ हजार र १० हजार प्राप्त गर्ने छन्। यस्तै पुरुष युगल तर्फ शीर्ष तीन स्थान प्राप्त जोडीले नगद ५० हजार, २५ हजार र १० हजार तथा ४५ बर्ष माथीको भेटरान्स युगल तर्फ शिर्ष तीन जोडीले नगद २५ हजार, १५ हजार र ५ हजार प्राप्त गर्नेछन् ।

च्याम्पियनसिपका दौरान कोभिड १९ को उच्च संक्रमणलाई ध्यानमा राखी सम्पूर्ण सरकारी मापदण्डलाई पालाना गर्दै प्रतियोगिता आयोजना गरिने आयोजकले जानकारी गराए ।




केवल नाफा कमाउनु मात्र नभई नेपालीहरुलाई शारीरिक, मानसिक रुपमा स्वस्थ राख्नु तथा नेपाली खेलकुद क्षेत्रलाई उकास्न विभिन्न राष्ट्रिय स्तरका प्रतियोगिताहरु आयोजना तथा बालबालिकाहरुलाई उच्च स्तरको प्रशिक्षणको व्यवस्था गरि नेपाललाई अन्तराष्ट्रिय पदक दिलाउने खेलाडीहरु उत्पादन गर्नु र निजी क्षेत्रबाट नेपाल सरकारको खेलकुद विकासको अभियानलाई सहयोग पुर्‍याउने उद्धेश्य रहेको हो प्रेश विज्ञप्तिमा जनाइएको छ ।

यो केवल प्रतियोगिता मात्र नभई मित्रता, भातृत्वलाई स्थापित गर्दै खेलको विकास गर्ने उद्धेश्य समेत हो । यो च्याम्पियनसिपलाई कोभिडबाट प्रभावित खेलक्षेत्रलाई पुनर्ताजगी गर्दै खेल महोत्सवको रुपमा समेत लिएका छौं - संचालक लिलाबहादुर थापाले बताए । उनले च्याम्पियनसिप आयोजना मात्र नभई रिभाईभले विभिन्न राष्ट्रिय ख्याती प्राप्त खेलाडीहरु मार्फत नव खेलाडीहरुलाई खेलप्रति आकर्षित गर्दै नयाँ खेलाडी उत्पादन गर्ने, विभिन्न लगानीकर्ता मार्फत खेल फण्ड स्थापना गरि खेलको विकासका साथै खेलाडीहरुलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने र खेल अनुसन्धानको रुपमा समेत अगाडी बढाउने सोच रहेको बताए। थापाले च्याम्पियनपिका दौरान क्लवको भौतिक पूर्वाधारको समेत उद्घाटन हुने बताए ।

च्याम्पियनसिपलाई आन्तरिक, राष्ट्रिय खेलकुद परिषद्, नेपाल सरकार, विभिन्न बित्तिय संस्थाहरुको आर्थिक सहयोग रहने सम्मेलनमा बताईयो । कोभिडका कारण खेलाडीहरुले आफ्नो कौशलतालाई उजागर गर्न नपाईरहेको अवस्थामा च्याम्पियनसिप आयोजना गर्न लागिएकोमा आयोजक प्रति आभार प्रकट गर्दै नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठले संघले भौतिक र प्राविधक सहयोग गर्ने बताए । च्याम्पियनसिपका लागि खेलाडी छनौट बारेमा प्रश्न गर्दा अध्यक्ष श्रेष्ठले जिल्ला तथा प्रदेशले उत्कृष्ट खेलाडीहरुलाई च्यामिपयनसिमा प्रतिस्पर्धा गराउने बताए ।

प्रतियोगितामा सहभागी खेलाडीहरुका लागि बसोबास, यातायात र खानाको व्यवस्था सहभागी खेलाडी, क्लब, जिल्ला तथा प्रदेश स्वयमले गर्नुपर्ने छ ।

# स्पेनिस ला लिगा : रियल बेटिस र इल्चे विजयी

**काठमाडौं/एजेन्सी-** स्पेनिस ला लिगा अन्तर्गत सोमबार भएको खेलमा रियल बेटिस र इल्चे विजयी भएका छन् ।



रियल बेटिसले ग्रानाडालाई उसैको मैदानमा २-१ गोलले हरायो। अर्को प्रतिस्पर्धात्मक खेलमा इल्चेले गेटाफेमाथि १-० गोलको कठिन जित निकाल्यो ।

रियल बेटिसको जितमा रोड्री र सर्जियो कानालेसले गोल गरे । ग्रानाडाका लुइस सुवारेजले सान्त्वना गोल गरेका थिए। रोड्रीले पहिलो हाफको इन्जुरी समयमा गोल गर्दै पाहुना टोलीको उत्साह बढाए । उनले गुईडो रोड्रीग्वेजको पासमा गोल गरेका थिए ।

त्यसपछि ६६औं मिनेटमा ग्रानाडाका लुइसले गोलगर्दै खेललाई १-१ को बराबरीमा ल्याए। लुइसले रुवेन रोचिनाको पासमा गोल गरेका थिए । रोमाञ्चक खेलको ८९औं मिनेटमा सर्जियोले गोलगर्दै रियल बेटिसलाई जिताए । उनले पनि गुईडो रोड्रीग्वेजको पासमा गोल गरेका थिए ।

खेलमा बेटिसले ५७ र ग्रानाडाले ४३ प्रतिशत बल पोसेसन राखेको थियो । बेटिसका सर्जियो कानालेस 'म्यान अफ दी म्याच' भए। जितसँगै बेटिस नवौं स्थानमा उक्लिएको छ । बेटिसले चार खेलबाट पाँच अंक बनाएको छ । पराजित ग्रानाडा दुई अंक सहित १७औं स्थानमा छ ।

यसैगरी अर्को खेलमा इल्चेलाई जिताउन लुकास पेरेज नायक बने । लुकासले ६९औं मिनेटमा जोहन मोजिकाको पासमा गोल गरेका थिए । खेलमा गेटाफेले ५६ प्रतिशत बल पोसेसन राखेको गेटाफेले गोल फर्काउन सकेन । इल्चेका जोहन मोजिका 'म्यान अफ दी म्याच' भए । जितसँगै चार खेलबाट पाँच अंक बनाएको इल्चे १०औं स्थानमा छ। पराजित गेटाफे अंकबिहिन बन्दै १९औं स्थानमा छ । लिगको शीर्षस्थानमा रहेको रियल म्याड्रिडको १० अंक छ । रियलसँगै समान १० अंक बनाएको भ्यालेन्सिया र एट्लेटिको म्याड्रिड गोलअन्तरका आधारमा क्रमशः दोस्रो र तेस्रो स्थानमा छ ।

# हप्किडो संघ गण्डकी अध्यक्षमा एमबी आस्था

**पोखर/मस-** नेपाल मार्शल आर्टस हप्किडो संघ गण्डकी प्रदेश समितिको प्रथम ऐतिहासिक अधिवेशनले अध्यक्षमा मान बहादुर घर्ती मगर एमबी आस्था मगरलाई सर्वसम्मत रुपमा चयन गरेको छ।

समितिको उपाध्यक्षमा तारामाया थापा मगर र खेम बहादुर गुरुङ , सचिवमा प्रेम बुढा मगर, सह सचिवमा अर्जुन गाहा मगर, र कोषाध्यक्षमा मदन कुमार जिसि सर्वसम्मत चयन भएका छन ।

त्यसैगरि सदस्यहरुमा कृष्ण प्रसाद कोईराला, बिना कुमारि पुन, चन्द्र कुमारि पराजुली , सबि शेरचन, श्याम बहादुर श्रेष्ठ,नरेन्द्र कुमार कार्की , किमि छ्योटेन गुरुङ , गिता राना र रामु दराई रहेका छन । समितिको पहिलो बैठकले चारजना सल्लहकार समेत चयन गरेको छ ।

समितिको सल्लहकारमा ईन्द्र धारा विष्ट, कृष्ण कुमारि श्रेष्ठ, श्रीमान गुरुङ र डाक्टर कृष्ण प्रसाद पौडेल रहेका छन । यसैगरि संस्थाको कानुनी सल्लाहकारमा अधिवक्ता मनोज घर्ती मगरलाई चयन गरेको छ ।

अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका भुमि, व्यवस्था कृषि सहकारि तथा गरिबी निवारण मन्त्री चन्द्र बुढा मगरले खेलाडी र युवाहरुलाई स्वरोजगार वनाउनका लागि एकीकृत योजना बनाएर अगाडि वढ्ने वताए । त्यसै गरि हाप्किडो खेलले विश्वसामु देशको गौरव वढाउन महत्त्वपूर्ण भुमिका खेल्नसक्ने भन्दै रसियामा हुने विश्व हाप्किडो प्रतियोगितामा सहभागी हुनका लागि पोखरामा प्रशिक्षण लिईरहेका नेपालि खेलाडीहरुलाई पदक जितेर आउनका लागि शुभकामना सममेत दिए । साथै बुढा मगरले नवौ राष्ट्रिय खेलकुद प्रतियोगितामा हाप्किडो खेललाई सहभागी गराउन प्रयत्न गर्ने वताए ।

त्यसैगरि गण्डकी प्रदेश खेलकुद परिषदकासदस्य सचिव तेजवहादुर गुरुङले खेलकुद क्षेत्रमा बजेट कम भएकै कारण खेलको विकास हुन नसकेको वताउदै हाल १ प्रतिशतमा कायम रहेको खेलकुदको बजेटलाई ५ प्रतिशत पुर्‍याउन सके निकै महत्वपुर्ण काम हुने वताए ।

समितिका अध्यक्ष एमबी आस्थाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय अध्यक्ष तथा दक्षिण एशियाली हप्किडो महासंघका अध्यक्ष कालि बहादुर घर्ती मगर, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण वानिया, उपाध्यक्ष तारा माया थापा मगर लगायतले वोलेका थिए।

# एभर्टन विजयी

**काठमाडौं/एजेन्सी-** इंग्लिस प्रिमियर लिगमा एभर्टनले पूनरागमन जित निकालेको छ। घरेलु मैदानमा एक गोलले पछि परेको अवस्थामा एभर्टनले बर्नलेलाई ३-१ ले पराजित गरेको हो ।

गुडिसन पार्कमा एभर्टनको पूनरागमन जितमा माइकल किन, एन्ड्रोस टाउनसेन्ड र डेमाराई ग्रेले गोल गरे। बर्नलेका बिन मिको गोल सान्त्वना बन्यो । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिदा सबै चार गोल दोस्रो हाफमा सम्भव भएको थियो ।

५३औं मिनेटमा बिन मिले गोल गर्दै पाहुना टोलीलाई १-० गोलको अग्रता दिलाएका थिए । उनले जोहान वर्ग डुगमुडसनको पासमा गोल गरेका थिए । एक गोलले पछि परेको एभर्टनले त्यसपछि ६ मिनेटको अन्तरमा तीन गोल गर्दै सानदार पूनरागमन जित निकाल्न सफल भएको हो । ६०औं मिनेटमा माइकल किनले एन्ड्रोस टाउनसेन्डको पासमा गोल गर्दै खेललाई बराबरीमा ल्याए ।

६५औं मिनेटमा एन्ड्रोस टाउनसेन्डले एब्डुलाए डोउकोउरेको पासमा गोल गर्दै एभर्टनलाई २-१ को अग्रता दिलाए । लगत्तै अर्को मिनेटमा एब्डुलाए डोउकोउरेको पासमा डेमाराई ग्रेले गोल गर्दै एभर्टनको जित पक्का गरे ।

यो जितसँगै अपराजित रहेको एभर्टन ४ खेलबाट १० अंक जोडेर चौथो स्थानमा उक्लिएको छ ।


साउदीमा रोजगारको अवसर | १. कम्पनी : AHAL NAJD CAR RENTAL EST. शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६२९९८ LT. No.: 245687

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : INTERNATIONAL ARABIAN MASTERS EST. FOR GEN. TRADE. शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३००० LT. No.: 245686

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क. नं. १ निःशुल्क क.नं. २ रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgunj-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com



कतारमा रोजगार | कम्पनी : MOSANADA FACILITES MANAGEMENT SERVICES शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३००३ LT. No.:245605

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

सुर्या इन्टरनेशनल प्रा.लि.
श्रम इजाजत नं. २७७/०५८/५९
बत्तिसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४६९९५१, ४४६९९५२,
E-mail : hr.suryanep@gmail.com, Web : www.suryanep.com
Mobile No.: 9818861357, 9823040845



कतारमा रोजगार | कम्पनीः MADRE INTEGRATED ENGINEERING शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३०६० L.T. No.:245154

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rightway Enterprises Pvt. Ltd.
Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9808079942



कतारमा रोजगारको अवसर | कम्पनीः ALLIED CRANES AND EQUIPMENT शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२९ चलानी नं.: ६०१६३०११ L.T. No.: 245422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | स. काममा दक्ष | 1900 | ६१,३५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ६ गते (22 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RADIANT OVERSEAS P. LTD.
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना
यस कार्यालयमा दर्ता भएको प्रा.लि. नं. ११११६५५ को **श्रेणी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



ढाका उद्योगमा व्यस्त कामदार । पाल्पाको तानसेन, सिल्खानटोलस्थित उद्योगमा ढाका कपडा बुन्दै एक पुरुष । ढाकाको कपडाका लागि पाल्पा प्रख्यात छ । तस्बिर : कृष्ण दर्लाल, रासस

# विद्युतीय माध्यमबाट हुने कारोबारको सीमा बढ्यो

## मोबाइल बैंकिङबाट हुने अन्तरबैंक भुक्तानी शुल्क घट्यो

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

नेपाल राष्ट्र बैंकले विद्युतीय माध्यमबाट गरिने कारोबारको सीमा बढाएको छ । राष्ट्र बैंकले मंगलबार एकीकृत निर्देशन-२०७८ जारी गर्दै सीमामा हेरफेर गरेको हो । केन्द्रीय बैंकले विद्युतीय माध्यमबाट गरिने कारोबार सीमा सम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी विभिन्न निर्देशनहरु दिएको हो ।

राष्ट्र बैंकले प्रिपेड कार्डमार्फत प्रति कारोबार अधिकतम १० हजार रुपैयाँका दरले एक दिनमा २० हजार र एक महिनामा २ लाख रुपैयाँ झिक्न पाउने व्यवस्था गरेको छ। यसअघि प्रति कारोबार २५ हजार रुपैयाँको सीमा तोकेको थियो । तर प्रिपेड कार्डबाट प्रतिदिन र प्रतिमहिना भुक्तानी कारोबारको अधिकतम सीमा तोकेको थिएन ।

यस्तै डेबिट कार्डमार्फत प्रतिकारोबार २५ हजार रुपैयाँका दरले एक दिनमा १ लाख रुपैयाँ र एक महिनामा ४ लाख रुपैयाँ सम्म झिक्न पाउने व्यवस्था गरेको छ। बैंक तथा वित्तीय संस्थाहरूले प्रिपेड कार्ड जारी गर्दा प्रति ग्राहक अधिकतम एक लाख रुपैयाँ र कार्ड जारी गर्न अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरूले अधिकतम पच्चिस हजार रुपैयाँसम्मको प्रिपेड कार्ड जारी गर्न सक्नेछन्

बैंक तथा वित्तीय संस्था तथा कार्ड जारी गर्न अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरूले जारी गरेको एनफसी कार्डमार्फत प्रति कारोबार अधिकतम पाँच हजार रुपैयाँसम्मको विद्युतीय कारोबार गर्न सकिने व्यवस्था गर्नुपर्नेछ । सोका लागि कारोबार संख्या र जोखिम न्यूनीकरण गर्ने व्यवस्था संस्था स्वयंले निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । क्रेडिट कार्डमार्फत कार्डको स्वीकृत सीमा रकमको १० प्रतिशत नगद झिक्न पाउने व्यवस्था गर्न सक्ने निर्देशिकामा उल्लेख छ ।

मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङको माध्यमबाट गरिने भुक्तानी कारोबारको सम्बन्धमा पनि सीमा तोकिदिएकोछ । जसअन्तर्गत मोबाइल बैंकिङ क्यूआर कोडसमेत गरी प्रतिदिन २ लाख रुपैयाँ कारोबार गर्न पाइने छ। त्यस्तै इन्टरनेट बैंकिङमार्फत एक दिनमा २० लाख रुपैयाँसम्मको कारोबार गर्न पाउने व्यवस्था गरेको छ ।

तर कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकमान्तर गर्न वाधा पुग्ने छैन् । यस्तै नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नुपर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क जस्ता विविध शुल्कहरू भुक्तानी गर्न, विद्युत सेवा, दूरसञ्चार सेवा, खानेपानी सेवा, बीमा प्रिमियम, सामाजिक सुरक्षा भत्ताको रकमको भुक्तानी गर्न पाइनेछ । त्यसैगरि शिक्षण संस्था, स्वास्थ्य संस्था, हवाई सेवा, यातायात सेवा, होटल, रेष्टुरेन्ट तथा अन्य व्यावसायिक कारोबारको भुक्तानी गर्नुपर्ने बिलबमोजिमको रकम भुक्तानी गर्न, धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त धितोपत्र दलालहरूसँग धितोपत्रहरूको कारोबार गरे वापत तोकिएको बैंक खातामा रकम भुक्तानी गर्न पनि यस व्यवस्थाले रोक्ने छैन् । केन्द्रीय बैंकबाट अनुमतिप्राप्त तोकिएबमोजिमका विशेष भुक्तानी सेवाका लागि तोकिएको अधिकतम सीमा सम्बन्धी व्यवस्थाले बाधा नपुग्ने पनि राष्ट्र बैंकले स्पष्ट पारेको छ ।



राष्ट्र बैंकले खाताबाट वालेट र वालेटबाट अन्य बैंक खातामा प्रति कारोबार ५० हजार रुपैयाँ र प्रतिमहिना १० लाख रुपैयाँ तोकिदिएको छ । यसअघि यो सीमा प्रतिकारोबार २५ हजार रुपैयाँ र प्रतिमहिना पाँच लाख रुपैयाँ थियो ।

यस्तै, यसअघि वालेटमा अधिकतम २५ हजार रुपैयाँभन्दा बढी मौज्दात ओभरनाइट राख्न नपाइने व्यवस्थालाई बढाउँदै ५० हजार रुपैयाँ पुऱ्याइदिएको छ । यो सीमा भन्दा बढी रहेको रकम अनिवार्य रुपमा ग्राहकको सम्बन्धित बैंक खातामा जम्मा हुने व्यवस्था मिलाउन निर्देशन दिएको छ। संस्थागत ग्राहक र एजेन्टबाहेक प्राकृतिक व्यक्तिको वालेटमा एक दिनमा १० पटकसम्म मात्रै जम्मा गर्न सक्ने व्यवस्था गरेको छ ।

भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमा ग्राहकले सम्बन्धित भुक्तानी सेवा प्रदायकबाट नियुक्त आधिकारिक एजेन्ट मार्फत प्रतिदिन अधिकतम २५ हजार रुपैयाँ सम्म र प्रतिमहिना अधिकतम १ लाख रुपैयाँ सम्म नगद जम्मा गर्न सक्ने व्यवस्था गरेको छ । यस्तै ग्राहकले माग गरेको अवस्थामा एजेन्टमार्फत प्रति महिना पच्चिस हजार रुपैयाँ भन्दा बढी नहुने गरी प्रति दिन पाँच हजार रुपैयाँ सम्म नगद प्राप्त गर्न सक्ने व्यवस्था पनि गरेको छ ।

त्यसैगरी, राष्ट्र बैंकले राजस्व व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भएका भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमार्फत गरिने राजस्व भुक्तानीमा सम्बन्धित सेवा प्रदायकलेतीन हजार रुपैयाँसम्मको कारोबारमा प्रति कारोबार अधिकतम ५ रुपैयाँ शुल्क तोकेको छ । त्यस्तै प्रति कारोबार ३ हजार एकदेखि १० हजार रुपैयाँ सम्मको कारोबारमा प्रति कारोबार अधिकतम १० रुपैयाँ र १० हजार एक देखि माथिको कारोबारमा प्रति कारोबार अधिकतम २० रुपैयाँ शुल्क तोकेको छ ।


बैंक तथा वित्तीय संस्थाका ग्राहकहरुले मोबाइल बैंकिङमार्फत विद्युतीय रकमान्तर गर्दा सेवा प्रदायकहरुले अधिकतम ५० हजार सम्मको कारोबारमा प्रति कारोबार अधिकतम १० रुपैयाँ सेवा शुल्क तोकेको छ। यस्तै ५० हजार एक देखि एक लाख सम्मको कारोबारमा प्रति कारोबार अधिकतम २० रुपैयाँ सम्म र एक लाख भन्दा माथिको कारोबारमा प्रति कारोबार अधिकतम ३० रुपैयाँ सम्म शुल्क लिन पाउने व्यवस्था गरेको छ ।

एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेका एटीएम कार्ड स्वदेश भित्रै अर्को बैंक तथा वित्तीय संस्थाको एटिएममा प्रयोग गर्दा मासिक न्यूनतम दुई वटा कारोबार सम्म निःशुल्क गर्ने व्यवस्था मिलाउनुपर्नेछ । दुई वटा भन्दा बढी कारोबारको हकमा बैंक तथा वित्तीय संस्थाले प्रतिकारोबार बढीमा २० रुपैयाँ सम्म शुल्क लिन सक्नेछन् ।

विद्युतीय कारोबारमा लिइने सेवा शुल्क सम्बन्धी विवरण प्रत्येक ६/६ महिनामा नियमित रुपमा वा शुल्क परिवर्तन भएको समयमा संस्थाको वेबसाइटमा प्रष्ट देखिने गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

# दोहोरो अंकले घट्यो शेयर बजार

**काठमाडौं/मस–** शेयर बजारमा मंगलबार परिसूचक नेप्से घटेको छ । शुरुवाती समयमा केही बढेपनि त्यो लामो समय टिक्न सकेन। अधिकांश समय सामान्य उतारचढाव रहेको सूचक अन्तिम समयतिर बिक्रीचाप बढ्दा नेप्से दवावमा परेको देखिन्छ । जसका कारण कारोबार बन्द हुँदा नेप्से १८.५४ अंकले घटेर २ हजार ९ सय २९.२९ विन्दुमा झरेको छ ।





'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि ३.२१ अंकले घटेर ५ सय ४५.६७ विन्दुमा झरेको छ । साधारण शेयर तर्फको कारोबार मापन गर्ने सूचक फ्लोट इन्डेक्स पनि १.२२ अंकले घटेर २ सय ५.१६ विन्दुमा झरेको छ ।

नेप्सेसँगै कारोबार रकममा पनि गिरावट आएको छ । दिनभर ५ अर्ब १९ करोड ५२ लाख ९५ हजार ४ सय ४३ रुपैयाँको १ करोड ६ लाख ३९ हजार ८ सय २६ कित्ता शेयर खरिदबिक्री भयो ।

नेप्से घटेपनि मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य सर्वाधिक १० प्रतिशतले बढेको छ । त्यस्तै सानिमा लाइफ इन्स्योरेन्सको शेयर मूल्य पनि ९.९९ प्रतिशतले बढेको छ ।

राष्ट्रिय बीमा कम्पनीका शेयरधनीले भने ५.५६ प्रतिशतले गुमाएका छन् । मंगलबार पनि सर्वाधिक कारोबार हुने कम्पनीमा अरुण भ्याली जलविद्युत विकास कम्पनी रहेको छ । यो कम्पनीको २७ करोड ३ लाख रुपैयाँको शेयर किनबेच भएको छ ।

## यस्तो छ बजार घट्नुको कारण

बजेट पारित हुन केही दिन लाग्ने भएपछि मंगलबारको शेयर बजार प्रभावित भएको छ। बजेट पारित नहुँदा सरकारी खर्च रोकिने र त्यसले वित्तीय प्रणालीमा रकम अभाव हुनगई ब्याजदर बढ्ने अनुमान लगानीकर्ताको छ। यसअघि एमाले सरकारले ल्याएको बजेट अध्यादेश संसद चलेको अवस्थामा ६० दिनभित्र पारित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। तर बुधबार ६० दिन पुग्ने र संसद असोज ४ गते सम्मका लागि स्थगित भएपछि लगानीकर्ता झस्किएका हुन् । बजेट पारित भएपछि मात्रै खर्च बढ्ने र तरलता विस्तार हुने अनुमान गरिएको छ ।

मौद्रिक नीतिमार्फत शेयर धितोमा प्रवाह हुने कर्जाको सीमा तोकिदा केही दिन अघि पेनिक सेल भएको थियो । त्यसपछि केही सम्हालिदै आएको बजार पछिल्लो समय फेरी बैंक तथा वित्तीय संस्थामा तरलता अभाव भएको खबर आउँदा प्रभावित भएको छ ।

# निर्माण व्यवसायीहरुद्वारा प्रतिस्थापन विधेयकको विरोध





**काठमाडौं/मस–** नेपाल निर्माण व्यवसायी महासंघले सरकारले प्रतिस्थापन विधेयकमार्फत बजेट संशोधन गर्दा १० करोडसम्मको निर्माण कार्य श्रम समूहमार्फत गर्ने व्यवस्था गरेको भन्दै विरोध जनाएको छ । महासंघले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गरी उक्त व्यवस्था हटाउन माग गरेको छ ।

यस्तो व्यवस्थाले राजनीतिक कार्यकर्तालाई पाल्ने काम मात्रै गर्ने र भ्रष्ट्राचार बढाउने भन्दै महासंघले आपत्तिसमेत जनाएको छ। महासंघका अध्यक्ष रवि सिंहले अहिले रहेको एक करोडसम्मको बजेटको निर्माण कार्य स्थानीय उपभोक्ता समितिमार्फत गर्ने व्यवस्थाले मुलुकमा भ्रष्ट्राचार बढाएको अवस्थामा फेरी त्यस्तै प्रकृतिको श्रम समूह बनाएर निर्माण कार्य गर्दा झनै आर्थिक अनियमितता बढ्ने बताए । उनले यस्तो व्यवस्था तत्काल खारेज गर्न मागसमेत गरे ।

महासंघले अघिल्लो सरकारले अघि बढाएको १४ सय सडक आयोजनाहरुको ठेक्काको दायित्व टुङ्ग्याएर मात्रै स्थगन गर्न पनि आग्रह गरेको छ ।

# कर्जा प्रवाहमा विकास बैंकहरु आक्रामक

**काठमाडौं/मस–** विकास बैंकहरुले बजारमा आफ्नो हस्तक्षेप बढाउँदै लगेका छन् । नेपाल डेभलोपमेन्टबैंकर्स एसोसिएसनले मंगलबार सर्बजनिक गरेको एकहप्ताको वित्तीय विवरणले त्यस्तो देखाएको हो ।


एसोसिएसनले सार्वजनिक गरेको यो हप्ताको वित्तीय विवरणअनुसार विकास बैंकहरुले निक्षेप संकलन अघिल्लो हप्ताभन्दा शुन्य दशमलव १५ प्रतिशतले बढाएका छन भने कर्जा प्रवाह पनि शुन्य दशमलब ७३ प्रतिशतले बढाएका छन् । यो साता उनीहरुले करिब ७३ करोड १४ लाखले निक्षेप सङ्कलन बृद्धि गरेका छन् ।

यस्तै एक हप्तामा करिब ३ अर्ब १५ करोड रुपैंयाँले कर्जा प्रवाह बढाएका छन् । निक्षेप संकलनमा भन्दा कर्जा प्रवाहमा विकास बैंकहरु बढी आक्रामक बनेका छन् ।

हाल नेपालमा १८ विकास बैंकहरु सञ्चालनमा छन् । तिनीहरुमध्ये ८ वटा राष्ट्रिय स्तरका विकास बैंकहरु हुन भने १० वटा क्षेत्रीय स्तरका विकास बैंकहरु रहेका छन् ।









मध्यान्ह
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**